# गणतान्त्रिक नेपालको अर्थ–राजनीति

झलक सुवेदी

२८ चैत २०६४ मा नेपालमा संविधानसभाको निर्वाचन सम्पन्न भएको छ। २००७ साल कात्तिकमा राजा त्रिभुवनको दिल्ली पलायनपछि राजा, जनता र राणाहरूबीच सम्झौता गराउन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले राणा प्रधानमन्त्री मोहन शमशेरलाई लेखेको पत्रमा संविधानसभाको निर्वाचनलाई एउटा सर्तका रूपमा अगाडि सारेका थिए (Pradhan and Rose 2004)। त्यतिबेला मोहन शमशेरले यो प्रस्ताव स्वीकार गरेनन्। नेपाली काँग्रेसको नेतृत्वमा भएको सशस्त्र विद्रोहपछि नेहरूकै मध्यस्थतामा भएको राजनीतिक सम्झौताको आधारमा २००७ फागुनमा त्रिभुवनले एक वक्तव्य दिए, जसमा उनले संविधानसभाको निर्वाचन हुने र त्यसले नेपाललाई गणतन्त्रात्मक शासन व्यवस्थातिर लैजाने कुरा उठाएका थिए। तर त्यसको विपरीत उनले दरबारमा शक्ति केन्द्रित गर्दै लगेपछि संविधानसभालाई पन्छाइयो। फलस्वरूप नेपालमा राजाको नेतृत्वमा केन्द्रीकृत सामन्तवादी सत्ता जारी रह्यो, पराश्रित पूँजीवाद विस्तार भई नै रह्यो। अर्थात् नागरिकको हातमा सत्ताको गठन गर्ने तथा आफ्ना लागि आफैँले शासन प्रणाली र शासनका प्रतिनिधिहरू छनोट गर्ने अधिकार प्राप्त भएन। बीचबीचमा भएका जनआन्दोलनहरूमार्फत जनताले लोकतन्त्र स्थापनाका लागि गरेका सङ्घर्षहरू पनि सम्झौतामा विसर्जन भए। २०४६ सालको जनआन्दोलनले स्थापना गरेको 'संवैधानिक' राजासहितको प्रजातन्त्र पनि समाजका

आधारभूत अन्तर्विरोधलाई हल गर्नेतिर लागेन । परिणामत: नेपालले अर्थ-साामाजिक रूपान्तरणको बाटो लिन सकेन । त्यसरी थाती रहेको संविधानसभाको निर्वाचन र त्यसमार्फत जनताले आफ्नो भाग्यको फैसला आफ्नै प्रतिनिधिमार्फत गर्ने मञ्चको गठनको प्रश्न नेपालमा विभिन्न समयमा उठ्ने गरेको भए पनि यसले आकार लिन सकेको थिएन । २०५२ फागुनमा सुरु गरिएको सशस्त्र सङ्घर्षमार्फत नेकपा (माओवादी) ले यस कार्यसूचीलाई स्थापित गराएपछि संविधानसभा पुन: राष्ट्रको साझा कार्यसूची बन्यो । त्यसै आधारमा २८ चैतमा संविधानसभाको निर्वाचन सम्पन्न भयो ।

संविधानसभामा गणतन्त्र र राज्य पुनर्संरचनाको पक्षमा प्रस्टसँग जनादेश व्यक्त भएपछि १५ जेठको पहिलो ऐतिहासिक बैठकले नेपाललाई विधिवत् सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक मुलुक घोषणा गर्‍यो । संविधानसभाले नयाँ संविधान बनाउने प्रक्रियासँगै नेपाली जनताले लामो समयदेखि सामन्तवाद र विश्वकीकृत पूँजीको सेपमा परेको पूँजीवादसहितको पिछडिएको उत्पादन पद्धतिलाई फेरेर स्वतन्त्र तथा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने, परम्परागत शोषणका रूपहरूबाट मुक्त स्वतन्त्र र स्वाभिमानी नेपालको निर्माण गर्ने एउटा अध्याय थालिने अपेक्षा गरिएको छ । यो अपेक्षाको एउटा महत्त्वपूर्ण पाटो भावी अर्थ-नीतिको स्वरूप पनि हो । यही चासोलाई अगाडि बढाउने सन्दर्भमा यो आलेख प्रस्तुत गरिएको हो ।

नेपालमा मार्क्सवादी तथा उदारवादीहरूबीच आर्थिक-क्रान्ति या आर्थिक सुधारका विषयमा भिन्नभिन्न कोणबाट वैचारिक बहसहरू हुँदै आएका छन् । यद्यपि आर्थिक रूपान्तरण तथा क्रान्तिकारी परिवर्तनबारे बहस र ध्रुवीकरण यतिबेला जस्तो घनिभूत कहिल्यै थिएन । यो बहस जारी छ । माओवादी र गैरमाओवादी शिविरबाट यसका आ-आफ्नै सैद्धान्तिक मान्यता पनि अगाडि आएका छन् । संविधानसभामार्फत नयाँ अर्थ-राजनीतिक व्यवस्थाको खाका कोर्ने बेलासम्म यो बहसले नेपालको आर्थिक संरचना रूपान्तरणका नीतिगत आधार तयार पार्ने आशा सर्वत्र छ । प्रस्तुत आलेख यस्तै प्रस्ताव र बहसहरूकै एउटा हिस्सा हो । यसमा नेपालको सामान्य अर्थ-राजनीतिक इतिहास, विभिन्न अर्थ-राजनीतिक दृष्टिकोण तथा विचारधारा, आर्थिक रूपान्तरणका लागि केही कार्यमूलक प्रस्ताव तथा सङ्घीय आर्थिक प्रणालीका सम्भावित संरचनाहरूको चर्चा छ । समय र सन्दर्भका सीमाभित्र बसेर केही सैद्धान्तिक प्रस्ताव सार्ने क्रममा समकालीन विश्वका सन्दर्भमा उठेका र उठ्दै गरेका आर्थिक मान्यता तथा नेपाली अर्थतन्त्रलाई पहिल्याउने केही महत्त्वपूर्ण समष्टिगत आर्थिक सूचकमाथि समेत छलफल गर्ने प्रयास गरिएको छ ।

## जनयुद्ध र जनआन्दोलनको अर्थ–राजनीतिक पृष्ठभूमि

नेपालको पछिल्लो कालखण्डमा दुईथरी शोषणले आम नेपाली ग्रस्त रहे । एउटा, वर्गीय शोषण र अर्को, काठमाडौँ केन्द्रित शासनमा हालीमुहाली गरेका पहाडी-हिन्दू-खसभित्रको उच्चजातको सांस्कृतिक तथा राजनीतिक शोषण । वर्गीय शोषण राज्यद्वारा सिर्जित गरिएको स्रोतहरूको असमान वितरण, अवसर तथा अधिकारमा संरचनागत रूपमा निर्माण गरिएका असमानता, विकासका प्रतिफलहरूको असमान वितरण तथा केन्द्र र वृत्तबीच विभाजित अर्थ-राजनीतिको उपजका रूपमा रहेको छ । सुगौली-सन्धि र खासगरी राणाहरूको उदयपछि नेपालमा साम्राज्यवादको घुसपैठ तीव्र भयो । तिब्बतसँगको भारतीय व्यापारको मार्ग सिलीगुडी-कलकत्ता सरेपछि नेपालले द्विपक्षीय व्यापारिक मार्ग हुँदा प्राप्त गरेका आर्थिक फाइदा गुमायो । दक्षिणी सीमासम्म रेलले ब्रिटिश भारतीय औद्योगिक उत्पादन ओसार्न थालेपछि परम्परागत उद्योग, खनिज उत्पादन तथा व्यवसाय समाप्त भए । क्रमशः नेपाल अर्ध-उपनिवेश बन्न पुग्यो । त्यसले नेपालका परम्परागत उद्योग व्यवसायलाई धराशयी पार्‍यो । सुगौली-सन्धिको बेलादेखि नै एकीकरणका बेला लामो समय भएको युद्धमा भाग लिएर लडाकु बनेका तथा पहाडको कठिन जीविका र राज्यको भूमि प्रणालीमा रहेको असमानताका कारण चरम शोषणमा परेका किसानहरूको एउटा तप्का इष्ट इण्डिया कम्पनी र रणजित सिंहको सेनामा जान थालिसकेको थियो । वीर शमशेरको शासनकालमा यसले सङ्गठित रूप ग्रहण गर्‍यो । पहिलो र दोस्रो विश्व युद्धमा नेपाल प्रत्यक्ष संलग्न पक्ष-राष्ट्र नहुँदा नहुँदै पनि पहाडी क्षेत्रको २० प्रतिशत पुरुष बेलायतका तर्फबाट लडाइँमा सामेल भएका थिए (Mishra 2007) । त्यही बेला भारतमा बेलायतले सञ्चालन गरेको कोइला खानीमा काम गर्न र सहरमा काम खोज्न बसाइँ सरेर पूर्वोत्तर भारतका विभिन्न ठाउँलगायत भुटान र बर्मासम्म नेपालीहरू जाने क्रम तीव्र बनेको थियो । लामो समयसम्म चलेको यो क्रमले नेपालको जनसाङ्ख्यिक बनावटमा मात्र नभई आर्थिक तथा राजनीतिक यथास्थिति कायम राख्न शासक वर्गलाई सघाउने काम गर्‍यो ।

सन् १९३० को दशकमा प्रारम्भ भएको उद्योग वा पूँजीवादी विकास प्रक्रिया पनि नव-औपनिवेशिक उत्पादन सम्बन्धका कारण सधैँ सेपमा पर्‍यो । २००७ सालपछिका यावत् प्रयास र नाराहरूका बाबजुद कृषि क्षेत्रले विकास गर्न सकेन । भूमिको असमान वितरण, पिछडिएको खेती प्रणाली र सामन्ती उत्पादन सम्बन्ध कायमै रहे । अहिले पनि देशको गरिबीको ७८ प्रतिशत भार कृषि क्षेत्रले धानिरहनुको प्रमुख कारण त्यही हो (राष्ट्रिय योजना आयोग २०६४) । राज्यव्यवस्था

वा उपरी संरचनामा पृथ्वीनारायण शाहको काठमाडौँ प्रवेशसँगै एकाधिकार जमाएको पहाडी-हिन्दू उच्च जातीय अभिजात वर्गको निरन्तरको पकडले दलित, जनजाति, महिला, मधेसी, मुसलमान र सुदूर क्षेत्रका बासिन्दाहरू सीमान्तीकृत बने, बनाइए ।

महेन्द्रले सुरु गरेको सक्रिय राजतन्त्रात्मक कालमा नेपालको विकास र अर्थ-सामाजिक परिवर्तनको स्वाभाविक बाटो झनै अवरुद्ध भयो । नेपाल वैदेशिक ऋण, सहायता र आयातमा निर्भर रहन पुग्यो । क्रमशः गरिबीको सङ्ख्या र प्रतिशत दुवै बढ्यो । वैदेशिक व्यापारमा भारतसँगको निर्भरतामा वृद्धिका साथै खाद्यान्नमा समेत आत्मनिर्भर देश परनिर्भर हुन पुग्यो । पञ्चायतकै आखिरी वर्षहरूमा क्रमशः आर्थिक उदारीकरणसँगै राज्यको भूमिका कमजोर बनाउने र बजारको भूमिका बढाउने प्रयास थालियो । यसलाई २०४६ सालपछि नेपाली काँग्रेसको प्रत्यक्ष पहिलो निर्वाचित सरकारले अझ तीव्र बनायो । त्यति बेलासम्म एसियाली बाघहरू भनिने कोरिया, ताइवान, हङकङजस्ता देशको विकास मोडेल तथा चीनको उदारीकरणबाट प्राप्त आर्थिक वृद्धिको उदाहरण दिन थालियो । यस्ता उदाहरणको आधारमा प्रारम्भ गरिएको यो अभियानले नेपालमा विद्यमान भौतिक तथा मानवीय विकासको पूर्वाधार, भूमिलगायत प्राकृतिक स्रोत तथा साधनहरूको असमान वितरणका कारण उत्पन्न सङ्कटलाई ध्यान पुऱ्याएन । यसले राष्ट्रलाई झनै तीव्र गतिले परनिर्भरता र बेरोजगारीको मारमा धकेल्यो । २०४७ सालको संविधान लेख्दासम्म पनि दरबार र काठमाडौँको सम्भ्रान्त वर्ग राजनीतिक निर्णय प्रक्रियामा हावी थियो । संसदीय प्रजातन्त्रका लागि सङ्घर्ष गरेका दलहरू, जुनसुकै राजनीतिक दर्शन बोकेको भए पनि, आमूल परिवर्तनको साटो काठमाडौँको सत्तारुढ सम्भ्रान्त वर्ग र पञ्चायतले हुर्काएको विकासे अवधारणासँग सम्झौता गर्दै अघि बढ्न रुचाए । त्यसैले २०४६ सालपछिको प्रजातन्त्रले पनि समाजको सतहमुनि रहेको सामाजिक-आर्थिक अन्तर्विरोध र सङ्कटलाई ढाकछोप मात्र गऱ्यो । विश्व बैङ्क वा दाता समुदायका सल्लाहमा चालिएका सुधार कार्यक्रमको अत्तर छर्ने काम मात्र भयो । संरचना पुरानै, जनतालाई हेर्ने दृष्टिकोण पनि पुरानै रहेका बेला लागू गरिएको सुधार कार्यक्रमको केही स-साना सकारात्मक प्रतिफल भए पनि त्यसको फाइदा सहरको मुट्ठिभर व्यक्ति र सत्ताको दलाल वर्गले लियो ।

यसैबीच वर्ग सङ्घर्षमार्फत समाजको आमूल परिवर्तन गर्ने शास्त्रीय मार्क्सवादी विचार बोकेको नेकपा (माओवादी) ले वर्तमान उत्पादन सम्बन्ध समाज परिवर्तनमा बाधक भएकाले त्यसलाई बदलेर उत्पादक शक्तिलाई स्वतन्त्र

बनाउन आवश्यक रहेको भन्दै वर्ग सङ्घर्ष चर्कायो। सशस्त्र विद्रोह गर्ने र केन्द्रीय सत्ता कब्जा गर्ने रणनीति लिएर १ फागुन २०५२ मा जनयुद्ध थालिएको घोषणा गऱ्यो। जनयुद्धको अर्थ-राजनीतिक औचित्यमाथि बहस गर्ने क्रममा बाबुराम भट्टराई लेख्छन्,

> ...उपरोक्त सामाजिक तथा क्षेत्रीय विकासको स्थिति तथा प्रक्रियाको विश्लेषणबाट नेपालको विद्यमान अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक संरचनाअन्तर्गत आन्तरिक र बाह्य वर्ग-सम्बन्ध अर्थात् सामाजिक उत्पादन सम्बन्ध नै सामाजिक उत्पादक शक्तिको विकासको निम्ति मुख्य बाधक भएको कुरा प्रस्ट हुन्छ। त्यसैले अब पुरानै समाजको आधारलाई यथावत् राखेर त्यसको अधिरचनामा मात्र सुधार वा परिवर्तनले नेपाली समाजलाई ऐतिहासिक रूपले अगाडि बढाउन सम्भव छैन। साम्राज्यवाद र विस्तारवादको साङ्गलोमा बाँधिएको पुरानो अर्ध-सामन्ती उत्पादन प्रणालीलाई नष्ट गरेर नयाँ प्रकारको समाजवादोन्मुख पूँजीवादी अथवा नयाँ जनवादी उत्पादन प्रणाली कायम गर्नु ऐतिहासिक आवश्यकता बनिसकेको छ। अझै प्रस्ट शब्दमा भन्नुपर्दा समाजको विकासको निम्ति बाधक बनेको सामन्त र दलाल तथा नोकरशाही पूँजीपति वर्गलाई नेपाली इतिहासको रङ्गमञ्चबाट विदा गरेर नयाँ प्रगतिशील वर्गहरू – मजदुर, किसान, न्यून पूँजीपति र राष्ट्रिय पूँजीपतिलाई नयाँ र उच्च प्रकारको समाज व्यवस्था (नयाँ जनवादी व्यवस्था) मा सङ्गठित गर्न बाध्य भएको छ। जनयुद्ध यही ऐतिहासिक नयाँ जनवादी क्रान्तिकारी रूपान्तरणको अपरिहार्य साधन हो (भट्टराई २०६३ : ३२)।

नेकपा (माओवादी) ले जनयुद्धको दुई वर्ष पुग्दा नपुग्दै नेपाली सन्दर्भमा सीमान्तकृत जाति र क्षेत्रका मुद्दालाई वर्ग सङ्घर्षको दायराभित्र समेट्ने निर्णय गऱ्यो। त्यसपछि नेपाली राजनीतिमा अन्तर्विरोधले ह्वात्तै नयाँ रूप ग्रहण गऱ्यो। जनजाति तथा दलितभित्र ५० प्रतिशतभन्दा बढी जनसङ्ख्या निरपेक्ष गरिबीको रेखामुनि रहेको सन्दर्भमा जातीय मुद्दालाई वर्ग सङ्घर्षको दायराभित्र पार्नु आफैँमा स्वाभाविक र महत्त्वपूर्ण हुन जान्थ्यो। यसले परम्परागत राजनीतिक विश्लेषणमा पूर्णविराम लाग्यो तथा राजनीतिक शक्ति विन्यासका आजसम्मका स्वीकृत अवधारणामा परिवर्तन भयो। यसको महत्त्वलाई ठम्याएको माओवादीले परम्परागत सामाजिक तथा अर्थ-राजनीतिक व्यवस्थाले निर्माण गरेको अन्तर्विरोधका चरहरूमा विद्रोहको छिनो घुसारेर एउटा विस्फोट निम्त्याई दियो। परिणामतः काठमाडौँको सत्तारुढ वर्गले शक्ति राष्ट्रहरूको सहयोगमा सत्ता टिकाउन गरेका यावत् प्रयत्नलाई असफल पार्दै २०६२/६३ को १९ दिने जनआन्दोलनका माध्यमबाट

सशस्त्र विद्रोह र शान्तिपूर्ण आन्दोलनबीच भएको सहकार्यले नेपाली इतिहासको एउटा कालखण्ड समाप्त भयो ।

संविधानसभाको निर्वाचनमा खासगरी दबिएको वर्गले एउटा ऐतिहासिक फैसला गऱ्यो र आमूल परिवर्तनको कार्यसूची लागू गर्न दलहरूलाई जनादेश दियो । यो एकप्रकारले सन् १९३० देखि सुरु भएको राजनीतिक क्रान्तिको सिलसिलाको चुली हो । रोजा लग्जेम्बर्गले फ्रान्सेली क्रान्तिबारे उल्लेख गरेझैँ संविधानसभाको जनादेश समाजको सर्वहारा वा अर्ध-सर्वहारा हिस्साले क्रान्तिलाई विजयमा पुऱ्याउन निर्वाह गरेको दबाबकारी भूमिकाको प्रभाव थियो (Luxemburg n.d.) ।

अब संविधानसभाले नयाँ संविधान तयार पार्ने छ । सभामा उपस्थित विभिन्न वर्ग र विचारधाराका प्रतिनिधिबीच नयाँ नेपालको राजनीतिक आर्थिक तथा सांस्कृतिक स्वरूपको खाका कोर्ने विषयमा खुला टक्कर हुने अनुमान धेरैको छ ।

राजतन्त्रको अन्त्य र सुदूर ग्रामीण क्षेत्रसम्म भएको सामन्तवादको वैचारिक पराजयले अब राजनीतिक क्रान्तिको पहिलो चरण पूरा गरेको छ । अवश्य पनि समाजमा भित्रभित्रै तर देखिने गरी सामन्तवादका आर्थिक आधारहरू खत्तम हुँदै थिए । मुट्ठिभर मान्छे मोटाए पनि बढ्दो बेरोजगारी र अन्य असफल प्राय: संरचनाको कारण आम तहमा असन्तुष्टि बढ्दो थियो । अब राजनीतिक परिवर्तनले अर्थतन्त्रमा आफ्नो आधार मजबुत पार्ने गरी आर्थिक पुनर्संरचनाको अपेक्षा तीव्र बन्दै छ । त्यसैले पनि आर्थिक पुनर्संरचना वा आर्थिक-सामाजिक परिवर्तनको सवालले अब महत्त्व पाउने छ ।

संविधासभाको निर्वाचनमार्फत व्यक्त *दबिएको वर्गको आवाज* अथवा नेकपा (माओवादी) सबैभन्दा ठूलो दलको रूपमा उदय हुनु नेपाली समाजको सङ्क्रमणकालीन चरित्रको बिम्ब हो । नेपाली काँग्रेस र नेकपा (एमाले) ले प्राप्त गरेको मत र तिनको वर्गाधार तथा नेकपा (माओवादी) ले ल्याएको मतको वर्गाधार फरक छ । कुनै अनुसन्धानबाट उपलब्ध तथ्याङ्क नभए पनि सजिलै अनुभव गर्न सकिन्छ माओवादीको मुख्य जनाधार समाजको सबैभन्दा तल्लो वर्ग र दलित नै हुन् । त्यसैले अबको संविधानमा तिनका अधिकारको वा हितको सुरक्षाका लागि सङ्घर्ष हुनेछ । परम्परादेखि खाइपाइआएको वर्ग पनि आफ्नो हैसियत खुम्चिन नदिन सङ्घर्ष गर्ने छ । यही सङ्घर्ष सम्झौतामा पुग्दा प्रकट हुने चित्र नै आगामी नेपालको अर्थ-राजनीतिक चित्र हुनेछ ।

## संविधानसभामा वैचारिक तथा वर्गीय द्वन्द्वको स्वरूप

संविधानसभाको निर्वाचनले समकालीन नेपाली राजनीतिमा पछिल्लो पटक सतहमा आएका दुई ओटा वैचारिक तथा राजनीतिक प्रवृत्तिलाई देखाउँछ। पहिलो, नेपालको वामपन्थी राजनीतिको प्रतिनिधिका रूपमा वर्गीय दृष्टिले आम श्रमजीवी वर्गको निम्छरो हिस्सामा प्रभाव जमाएर नेकपा (माओवादी) अगाडि आएको छ । जनआन्दोलन २०६२/६३ का बेला खासगरी काठमाडौँका सडकहरूमा विद्रोहको झण्डा बोकेर हिँड्नेहरूमा सहरिया श्रमजीवी वर्गको ठूलो हिस्सा सहभागी थियो । त्यति बेलादेखि नै चप्पल-वर्गको नाम पाएको त्यसको उपस्थिति कति टड्कारो थियो भन्ने कुरा जुलुसमा सहभागीहरूले अनुभूति गरेका थिए । अनि सञ्चारमा देखिएका तस्वीरमा प्रहरी हस्तक्षेप भएका ठाउँमा छरिएका चप्पलले देखाएका थिए । जनआन्दोलनका बेला काठमाडौँमा घाइते हुने र सहीद हुनेहरूमा पनि त्यही वर्गको सङ्ख्या बढी थियो । पछि सहरी क्षेत्रमा नेकपा (माओवादी) को सङ्गठन विस्तारको प्रमुख आधार पनि त्यही बनेको थियो ।

नेपालको विकास प्रक्रियाले स्वतन्त्र औद्योगिक पूँजीवादको रूप लिन सकेन । मार्क्सवादी भाषामा दलाल पूँजीवाद भनिने कमिसनखोर व्यापारिक पूँजीवादले गर्दा बजारमा सामान त भरपुर आयो तर रोजगारी सिर्जना गरेन । नेपाल जस्तो लगानी र पुनःलगानीका लागि वित्तीय पूँजी कम भएको राष्ट्रमा श्रम-प्रधान प्रविधि प्रयोग गरेर मात्रै रोजगारी सिर्जना हुन सक्छ। तथा श्रमले नै वस्तु उत्पादन प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा उपलब्ध श्रमशक्तिको पूर्ण प्रयोगविना आर्थिक वृद्धि हुन सक्दैन । आन्तरिक रूपमा उपलब्ध पूँजीको प्रयोग पनि सहरिया मध्यम वर्गले अनुत्पादनमूलक कार्यमा बढी गरे । जस्तै केवल लगान र भाडाको लागि घर-जग्गामा लगानी गरेर पूँजीको प्रयोग स्थिर क्षेत्रमा गरियो । भर्खरै ह्वात्तै बढेको वित्तीय पूँजीको विस्तारले पनि उत्पादनको क्षेत्रमा भन्दा उपभोगलाई मात्रै जोड दिइरहेको छ। पूँजीवादको आधारभूत चरित्र नै यही हो। बढ्दो विश्वव्यापीकरणको प्रभावमा खुला गरिँदै लगिएको बजारले गर्दा भएका उद्योगहरूसमेत धमाधम बन्द हुन थाले। ग्रामीण क्षेत्रमा व्याप्त पिछडिएको खेती प्रणाली, कृषिको आधुनिक क्षेत्रसँगको न्यून सम्बन्ध, साना किसान, भूमिहीन किसानहरू र कृषि श्रमिकहरूको बाहुल्यता तथा कम उत्पादकत्वका कारण वर्षेनी हजारौँ मान्छे अवसरको खोजी गर्दै गाउँबाट सहरमा ओइरिए । यो क्रम बढ्दै जाँदा सहरिया गरीब वर्गको सङ्ख्या थपियो जो सरकारी आँकडा, सेवासम्बन्धी सञ्जाल र सुविधाबाट समेत वञ्चित छ। यो वर्गसँगै अर्ध-शिक्षित वा शिक्षित बेरोजगार वा अर्ध-रोजगारी बाक्लिँदै र गहिरिँदै

गयो । यो समुदायको उपस्थितिले विस्तारै नेपालको राजनीतिक सङ्घर्षमा आफ्नो हस्तक्षेप देखाउन थाल्यो । अहिले यही वर्ग र तप्काको समर्थन प्राप्त गरेर नेकपा (माओवादी) संविधानसभाको निर्वाचनमा सबैभन्दा ठूलो दलको रूपमा देखियो ।

अर्कोतिर हिन्दू धर्मको वर्णाश्रम व्यवस्थाबाट प्रताडित दलितहरू जातीय शोषणको भुमरीमा सधैँ तल परे । तिनलाई स्रोतमाथिको अधिकार, सामाजिक हैसियत तथा अवसर एवं आर्थिक उन्नतिका अवसरहरूबाट युगौँदेखि वञ्चित गरियो । कालिगढी दक्षता भएको यो समुदाय आधुनिक पूँजीवादी प्रणालीमा पनि पीधमै रह्यो । परम्परागत प्रणालीमा पनि हली, बालीघरे प्रथा र वञ्चितीकरणको दीर्घ पेलाइमा पर्‍यो । सधैँ ठालूहरूको लागि भोट बैङ्क मात्रै हुँदै आएको यो पङ्क्ति १० वर्षे जनयुद्धकालमा माओवादीको मुख्य आश्रयस्थल मात्र बनेन यो आफैँ त्यसको एकहदसम्म चालक शक्ति बन्यो । त्यही तप्काले यसपालि आफ्नो स्वतन्त्र पहिचान निर्माण गर्‍यो । नेकपा (माओवादी) का तर्फबाट सात जना दलितले प्रत्यक्ष निर्वाचनमार्फत संविधानसभामा निर्वाचित हुने अवसर पाए । पुराना मूल्य-मान्यता भत्काउँदै नपढेका, श्रम गरिखाने सामान्य दलित नरनारीहरू समाजका सुकिलामुकिला र परम्परागत ठालूहरूलाई पराजित गर्दै अगाडि आए । कुल दलित जनसङ्ख्याको ४६ प्रतिशत निरपेक्ष गरिबीको रेखामुनि छ । ५४ प्रतिशत राष्ट्रिय औसत साक्षरता हुँदा दलितमा भने ३३ प्रतिशत मात्रै छ । यसको जागरणले नेपाली राजनीतिको आगामी दिशालाई अवश्य प्रभावित पार्नेछ ।

दोस्रो प्रवृत्तिमा माओवादीको उदयपछि एमालेको वर्गीय आधार श्रमजीवी वर्ग र दलितहरूबाट मध्यम वर्गतिर फड्को मारेको सङ्केत नै हो । परिणामतः एमालेको अबको राजनीतिक कार्यदिशामा मध्यमार्गी वा मध्यवामपन्थी ढुलमुलेपन हावी हुनेछ । कहिले माओवादीतिर तथा कहिले काँग्रेसतिर नजिकिएर सरकारमा सहभागी हुने तथा आमूल परिवर्तनका मुद्दा छाडेर सुधारवादी लिपापोतीतिर लाग्ने यसको मूल प्रवृत्ति रहने छ । यसले गर्दा काँग्रेस उच्च-मध्यम वर्गको दलका रूपमा यथास्थितिवादको मुख्य खेलाडी हुनेछ । अर्थात् दक्षिणपन्थतिर धकेलिने निश्चित छ । राजनीतिक इतिहासमा यस्ता सन्दर्भहरू धेरै देखिन्छन् । इण्डोनेसिया, चिली, पेरू, एल साल्भाडोर, आदि देशका उदाहरणले देखाउँछ, जब कुनै क्रान्तिकारी वामपन्थी शक्ति सत्ताको नजिक पुग्छ वा समाजभित्र वर्गीय असमानता घनिभूत भएर अराजकताको स्थिति उत्पन्न हुन्छ त्यति बेला ठूला पूँजीपति वर्ग र सत्तारुढ सम्भ्रान्त वर्गले आफ्नो स्वार्थरक्षाका लागि दक्षिणपन्थी अधिनायकवादको सहारा लिन्छ । अबको नेपालमा त्यो भूमिका नेपाली काँग्रेसले

निर्वाह गर्ने सङ्केतहरू आइसकेका छन् । माओवादी आफ्नो रणनीतिक लक्ष्यमा अडिइरह्यो भने उसको नेतृत्वमा वामपन्थीहरूको ध्रुवीकरण हुँदै गएको स्थितिमा नेपाली काँग्रेस वा त्यसलाई उछिनेर कुनै अर्को पक्षले दक्षिणपन्थी ध्रुवीकरणतिर लैजाने तथा मध्यमार्गी शक्तिहरू कमजोर बन्ने खतरा देखिन्छ ।

संविधानसभाको निर्वाचनले क्षेत्रीय दलका रूपमा मधेसवादी दलहरू मधेसी जनअधिकार फोरम (मजफो) र तराई-मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) लाई सम्मानजनक रूपले स्थापित गराएको छ । २०६२/६३ को जनआन्दोलनपछि महिला, दलित, मधेसी र जनजातिहरूले राज्यसत्ताका पुराना संरचना र मूल्य विरुद्ध गरेको निरन्तर सङ्घर्षको यो अर्को उदाहरण हो जसले संविधानसभाको बनोटलाई प्रभावित गऱ्यो । नेपालको सदनमा पहिलो पटक जातीय तथा लिङ्गीय जनसङ्ख्याको झण्डैझण्डै समानुपातिक प्रतिनिधित्व देखिन्छ ।

त्यसैले अबको नेपालको आर्थिक प्रणाली कस्तो हुने भन्ने सम्बन्धमा संविधानसभामा व्यक्त हुने विचारधारात्मक सङ्घर्षका निम्न धार रहने छन् :

- आमूल परिवर्तनवादी/समाजवादी
- सुधारवादी/मध्यम वामपन्थी
- नवउदारवादी/परम्परावादी
- पहिचानवादी

पहिलो धारको नेतृत्व नेकपा (माओवादी) ले गर्ने छ । यो विचार समाजशास्त्रीय मान्यताअनुसार सामाजिक विकासको गतिलाई वर्गीय दृष्टिकोणका आधारमा बुझ्ने मार्क्सवादी परम्परा मान्ने विचार हो । यसको परम्परागत व्याख्याअनुसार नेपाल अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक व्यवस्था भएको मुलुक हो । आफ्नो चुनावी घोषणा-पत्रमा माओवादीले “पुरानो नेपालका दुई पहाड सामन्तवाद र साम्राज्यवाद” भन्ने सूत्र वाक्यमा यही वर्गीय विचारधारात्मक संश्लेषण प्रस्तुत गरेको छ । यस विचारमा माओवादीले अडान कायमै राख्यो र निर्णायक प्रभाव पार्न सक्यो भने सामन्तवादका आर्थिक जरा समाप्त पार्ने गरी भूमिसुधार लागू हुनेछ । जोताहा किसानलाई जमिनको मालिक बनाउने अथवा उत्पादनमाथि स्वामित्व दिने गरी जमिनमा रहेको द्वैध-स्वामित्व अथवा अनुपस्थित जमिन्दारीको अन्त्य हुनेछ । कृषि विकास बैङ्क र अन्य आधुनिक सहकारी संस्थाहरूको विस्तार गरी सुदखोरीको समाप्ति र कृषिको व्यावसायीकरणमार्फत आधुनिक क्षेत्रसँग अन्तरसम्बन्धको निर्माण गर्ने प्रयास हुनेछ । यसले कृषिमा रहेको

उत्पादन शक्तिमा व्यापक हलचल ल्याउने छ । पूँजीवादी क्षेत्रमा व्यापारिक वा कमिसनखोरी पूँजीवादको सट्टा स्वतन्त्र र आन्तरिक कच्चा पदार्थमा भर गर्ने खालका उद्योगको विकासमार्फत रोजगारीको सिर्जनासहित औद्योगिक विकासतिर जोड दिने छ । श्रमबण्ड बेरोजगार भत्ता, पर्यटन र जलस्रोतको विकासबारे पनि माओवादीले आफ्नो घोषणा-पत्रमा केही प्रस्ताव अगाडि सारेको छ । श्रमबण्डको व्यवस्थाले पूँजीनिर्माण र श्रमिकहरूको सामाजिक सुरक्षामा सकारात्मक प्रभाव पारी श्रमको उत्पादनशीलतामा समेत वृद्धि गर्ने अनुमान गर्न सकिन्छ । सहरको मध्यम वर्गले तिर्नुपर्ने करको दायरा बढाएर सामाजिक सेवाका क्षेत्रमा लगानी गर्न आवश्यक पर्ने खर्चको व्यवस्था गरिने छ । यसो गर्दा आन्तरिक रूपले धनी किसान वा जमिनका अनुपस्थित मालिकहरू तथा पूँजीपतिहरूबाट ठूलै प्रतिरोधको सामना गर्नुपर्ने तथा बाह्य रूपमा नव-उदारवादी विश्वव्यापीकरणका चालक शक्तिहरू अमेरिका, बहुराष्ट्रिय कम्पनीका हित हेर्ने संस्था तथा दाताहरू अनि विश्व बैङ्कजस्ता मञ्चहरूको दबाब झेल्नुपर्ने हुनसक्छ ।

संविधानसभामा अर्को वैचारिक धारको रूपमा मध्य-वामपन्थीहरू हुनेछन् । पूँजीवादी अर्थतन्त्रको आधारभूत मूल्यप्रणाली मानिने निजी सम्पत्तिको अधिकारको संरक्षण गर्दै राज्यका स्रोतहरू परिचालन गरी सामाजिक न्याय दिलाउने भन्ने मान्यता बोक्ने यो समूहमा नेकपा (एमाले) लगायतका साना वामपन्थी समूहहरू उभिने छन् । बुर्जुवा समाजवादी धार भन्न मिल्ने यो पक्षमा नेपाली काँग्रेसका केही व्यक्तिहरू पनि हुनेछन् । विश्वव्यापी रूपमा सन् १९९० मा देखा परेको उदारवादको लहरमा वर्गीय पक्षधरता जाहेर गर्दै श्रमजीवी वर्गका पक्षमा काम गर्ने परम्परागत मान्यता छाडेर सुधारवादमा फसेका समाजवादी र वामपन्थीहरूको जमात ठूलै रह्यो । देशभित्र उत्पन्न वर्गीय शक्ति सन्तुलनका कारण त्यो समूह एक हदसम्म सामाजिक न्यायका पक्षमा उभिन बाध्य हुनेछ । कम्युनिस्टहरूसँग दूरी कायम गर्दागर्दै पनि यसले स्रोत वितरणका नयाँ परिभाषा खोज्न माओवादीसँग सहकार्य गर्ने सम्भावना रहन्छ ।

संविधानसभामार्फत नयाँ आर्थिक नीति कोर्न बस्दा एउटा पक्ष भने पूरै अनुदार देखिने छ । पछिल्लो संसदीय कालका आर्थिक नीति निर्धारणमा प्रमुख भूमिका खेलेको नेपाली काँग्रेसभित्रको नव-उदारवादी पक्ष, तमलोपा, मजफो, राप्रपाजस्ता शक्तिहरू यस पक्षमा उभिने छन् । यसको पछाडि बसेर विश्व बैङ्क र एडिबि जस्ता संस्थामार्फत नेपालमा स्वतन्त्र औद्योगिक विकासमा बाधा हालेर दलाल पूँजीवादको रक्षा गर्न चाहने पूँजीवादी शक्तिहरूले आमूल परिवर्तनका *र्‍याडिकल* कार्यसूची लागू नगराउन भूमिका खेल्ने छन् । बचेखुचेका जमिनका

मालिकहरू, व्यापारिक पूँजीपति वर्ग र बजारशास्त्रका अभियन्ताहरूको समूहले पनि नीति निर्धारणमा शक्तिशाली हस्तक्षेप वा उपस्थिति कायम गर्ने छ ।

संविधानसभामा उपस्थित या अनुपस्थित पहिचानवादीहरू पनि आगामी राजनीतिका प्रभुत्वशाली खेलाडी हुनेछन् । पहिचानको राजनीति एकातिर वर्ग सङ्घर्षसँग गाँसिएर माओवादी रणनीति मातहत ध्रुवीकृत भएको छ । अर्कोतिर मजफो, तमलोपा, जनमुक्ति पार्टी, सङ्घीय लोकतान्त्रिक मञ्च, चुरे भावर एकता समाज, सद्भावना पार्टी, आदिमार्फत अलग्गै संविधानसभामा पुगेको छ । नेपालको सामाजिक बनोट बहुलवादी चरित्रको छ । तथापि नेपालमा कुनै जाति पनि बहुमतमा छैन ।[१] समग्र देशलाई एउटै एकाइ मानेर राजनीतिक संरचनाहरू बनाउने परम्परा विपरीत पछिल्लो अवधिमा जातीय अल्पसङ्ख्यक, क्षेत्रीय समुदाय, दलित, धार्मिक र लैङ्गिक समानताका लागि सङ्घर्षरत् समूहहरूलाई समेटेर नव-मार्क्सवादीहरूले निर्माण गरेको वैचारिक बहसले नेपालमा भिन्न स्थिति सिर्जना गरेको छ । पहिचानको राजनीतिले सक्रिय हस्तक्षेप गर्नु पूर्व नै माओवादीले त्यसलाई वर्ग सङ्घर्षको दायराभित्र समेट्यो । दलित, जनजाति, मधेसी, महिला र पछाडि पारिएका क्षेत्रका जनतालाई पहिचानसहितको वर्गीय मुक्तिमा लाग्ने वातावरण बनायो । माओवादीको यस रणनीतिलाई निस्तेज पार्न सत्तारुढ वर्गको समेत अप्रत्यक्ष सहयोग लिएर मधेसको हुर्कंदो बुर्जुवा वर्गले पृथक् किसिमले पहिचानलाई स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्यो । संविधानसभाका प्रारम्भिक दिनहरूमै मधेसवादी दलहरूले आफ्ना राजनीतिक कार्यसूचीमा ध्यानाकर्षण गराउन गरेको दबाबपूर्ण गतिविधिले पहिचानको राजनीति अझ जटिल बन्ने सङ्केत देखाइसकेको छ ।

अन्तरिम संविधानमा भएको व्यवस्था अनुरूप महिला, दलित, मधेसी र जनजाति पहिलोपटक झण्डै जनसङ्ख्याको अनुपातमा संविधानसभामा उपस्थित छन् । महिलाको सङ्ख्यात्मक उपस्थिति एसियाकै अग्रणी उपस्थितिमध्ये पर्छ । यो समुदायको राजनीतिक आस्था भिन्दा भिन्दै छ । तथापि आ-आफ्ना मतदाता वा आफूले प्रतिनिधित्व गर्ने भनिएको वर्ग वा समुदायको पक्षमा प्राकृतिक सम्पदा र राजकीय स्रोत तथा साधनमा समान पहुँचका लागि वकालत गर्ने छन् । मधेसी दलहरूले क्षेत्रीय वा जातीय पहिचान वा अधिकारको पक्षमा वकालत र सङ्घर्ष गरे पनि यसैभित्रको दक्षिणपन्थी हिस्साले आफूभित्रको वर्गीय असमानता र विविधतालाई भने 'पहिचान' को राजनीतिक खोलभित्र छोप्ने प्रयत्न गर्ने छन् ।

---

१ जातजातिहरूको सांस्कृतिक अधिकारबारे विस्तृतमा यसै पुस्तकमा मुक्त सिंह तामाङको लेख हेर्नोस् ।

जे होस् पहिचानवादी राजनीतिक शक्तिको उपस्थितिले नेपालको निर्माणदेखि काठमाडौँलाई केन्द्र बनाएर सत्तामा एकलौटी दाइँ गरेको उच्च खस जातीय शक्ति, हिन्दू धार्मिक र सांस्कृतिक शोषणका राजकीय व्यवस्थापन सबैले अग्रगामी परिवर्तनका लागि बाटो छाड्नुपर्ने छ। यसो हुँदा नेपालको वर्तमान अर्थ-राजनीतिक अवस्थामा आमूल परिवर्तन आउनेछ। नेपालको भावी आर्थिक दिशाको निर्धारणमा यो शक्ति सन्तुलन वा अन्तर्सङ्घर्षको मुख्य भूमिका रहने निश्चित छ।

***राजनीतिक दलहरूका निर्वाचन घोषणा-पत्र***

संविधानसभाको निर्वाचन घोषणा-पत्रहरूका आधारमा हेर्दा पनि राज्यका आर्थिक सिद्धान्तहरूको प्रतिपादन गर्नमा दलहरूका वैचारिक तथा वर्गीय स्वार्थहरू अनि क्षेत्रीय तथा जातीय-सांस्कृतिक पहिचानका मुद्दाहरूले संविधानसभालाई प्रभावित गर्ने देखिन्छ। मुख्य दलहरूका घोषणा-पत्र हेर्दा माथि उल्लिखित वैचारिक द्वन्द्वको झल्को पाइन्छ। संविधानसभाको निर्वाचनमार्फत विभिन्न दल जनताको मत प्राप्त गरी नीति निर्माणको तहमा प्रवेश गरेका छन्। सङ्क्रमणकालीन राजनीतिक द्वन्द्वहरू चर्किंदै गएर असहज सत्ता सङ्घर्ष देखिएको भए पनि मुख्यतः नेकपा (माओवादी), नेपाली काँग्रेस, नेकपा (एमाले), मजफो तथा तमलोपा जस्ता दलका आर्थिक दृष्टिकोणले आगामी नीति निर्णयमा प्रभाव पार्ने देखिन्छ। त्यसैले यहाँ तिनका आर्थिक दृष्टिकोणको चर्चा गरिनु आवश्यक हुन्छ।

**नेकपा (माओवादी) :** माओवादीले मार्क्सवादीहरूले भन्ने गरे जस्तै सामन्तवाद र साम्राज्यवादलाई नेपालको विकासको बाधक मानेको छ। यहाँनेर सामन्तवादलाई राजतन्त्रको नेतृत्वमा स्थापित काठमाडौं केन्द्रित सत्ता तथा जमिनको असमान वितरणले निर्माण गरेको आर्थिक शोषण तथा निर्वाहमुखी अर्थतन्त्रका विशेषतासँग गाँसेर हेरिएको छ। साम्राज्यवादको रूपमा उसले मूलतः सुगौली-सन्धिपछि नेपालको आन्तरिक बजार, प्राकृतिक स्रोत तथा बाह्य व्यापारमा झण्डै एकलौटी नियन्त्रण गरेको भारतीय एकाधिकार पूँजीवादलाई लक्षित गरेको छ। त्यसैले सामान्तवादी सम्बन्धको अन्त्य गर्ने; त्यसका लागि 'जमिन जोत्नेको' सिद्धान्तका आधारमा भूमिसुधार लागू गर्ने; अन्तर्राष्ट्रिय वित्तीय संस्थाको आडमा राज्यले हुर्काएको अनुत्पादनशील र नोकरशाही पूँजीवादी सम्बन्धको अन्त्य गरी उत्पादनशील औद्योगिक पूँजीवादी सम्बन्ध विकास गर्ने, सार्वजनिक निजी साझेदारी नीति लिएर पूँजीको अभाव पूरा गर्ने; टेलिफोन, विद्युत र पानीजस्ता

वस्तुका उपभोक्ता र उद्योग व्यवसायका मजदुरबाट सोही संस्थान वा उद्योगमा साना शेयर लगानी गर्न प्रोत्साहित गर्ने; स्वदेशी तथा विदेशी निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्ने; सहकारीहरूको सञ्जाल विस्तार गर्ने; आन्तरिक स्रोतको व्यापक प्रयोग गर्ने र वर्तमान आर्थिक सम्बन्धलाई बदलेर समाजवादमुखी औद्योगिक अर्थतन्त्र लागू गर्ने अवधारणा माओवादीले परिकल्पना गरेको छ। श्रमबण्ड बेरोजगार भत्ता, पर्यटन र जलस्रोतको विकासबारे पनि घोषणा-पत्रमा उल्लेख छ। यी विकास अभियानमार्फत उसले नेपाललाई १० वर्षमा मध्यमस्तर, २० वर्षमा उच्चस्तर र ४० वर्षमा अति उच्चस्तरको आर्थिक विकासको स्तरमा पुऱ्याउने प्रस्ताव गरेको छ।

**नेपाली काँग्रेस :** 'आर्थिक समृद्धि, समानता र सामाजिक न्याय' को नाराभित्र निजी क्षेत्रको उद्यमशीलता र लगानीलाई प्रोत्साहन गर्दै आर्थिक समृद्धि हासिल गर्ने नेपाली काँग्रेसको मुख्य दृष्टिकोण रहेको छ। उसले सामाजिक न्यायका लागि समाजवादी अवधारणा अपनाउने वैचारिक प्रतिबद्धता समेत व्यक्त गरेको छ।

भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी, सिँचाइ र गरिबी निवारणमा राज्यको लगानी बढाउने तथा अन्य क्षेत्रमा निजी क्षेत्र तथा वैदेशिक लगानीलाई प्रोत्साहन गर्ने भारत र चीनको बजारबाट फाइदा लिने नीति अवलम्बन गर्ने काँग्रेसको उद्देश्य रहेको छ। विकास निर्माणमा समुदायको सहभागिता, सहकारी आन्दोलनमार्फत वस्तु तथा सेवाहरूको उत्पादन र वितरण, बचत तथा ऋण परिचालनलाई विस्तार गर्ने जनाएको छ। काँग्रेसले कृषि, पर्यटन र जलस्रोतलाई राष्ट्रिय प्राथमिकताका तीन ओटा क्षेत्र भनेको छ। कृषिको विकासका लागि १५ वर्षीय दीर्घकालीन कृषि योजनालाई सफल पार्ने प्राथमिकतामा जोड दिँदै काँग्रेसले भूमिको उत्पादकत्व वृद्धि र सघन प्रयोग बढाउने गरी भूमिसुधार र भू-उपयोगको वैज्ञानिक नीतिमाथि राष्ट्रिय सहमति जुटाउने पक्ष अगाडि सारेको छ। जलस्रोत, पर्यटन, वैदेशिक रोजगार र औद्योगिकीकरणको विकासमार्फत फराकिलो आर्थिक वृद्धि हासिल गरी गरिबी निवारण गर्न खुला अर्थतन्त्रको अभ्यासमा काँग्रेसको जोड रहेको छ। उसले २०४८ सालदेखिकै आर्थिक नीतिहरूको निरन्तरता चाहेको छ।

**नेकपा (एमाले) :** सामन्तवादका आर्थिक, सामाजिक र सांस्कृतिक आधारहरूको अन्त्य गर्ने, पुरानो उत्पादन सम्बन्धमा परिवर्तन ल्याउन वैज्ञानिक भूमिसुधार

गर्ने, अर्थतन्त्रका आधारका रूपमा सार्वजनिक, सहकारी र निजी क्षेत्रको विकास गर्ने एमालेको मुख्य जोड रहेको छ। उसले समाजवादमुखी लोककल्याणकारी अर्थ-राजनीतिक दिशालाई आफ्नो आर्थिक सिद्धान्त मानेको छ। यसका लागि लामो समयसम्म मिश्रित अर्थतन्त्र लागू गर्ने जनाएको छ। राष्ट्रिय हित अनुकूल विदेशी पूँजी भित्र्याउने, क्रान्तिकारी भूमिसुधार र कृषिको व्यावसायीकरणमा एमालेको विशेष जोड रहेको छ। एमालेको आर्थिक कार्यक्रममा उसको नेतृत्वमा २०५१ सालमा बनेको अल्पमत सरकारका नीतिहरूकै निरन्तरता पाइन्छ।

**मधेसी जनअधिकार फोरम (मजफो)** : मजफोको घोषणपत्रमा आर्थिक सवाललाई अलग्गै उल्लेख नगरेको भए पनि उसले मधेसको औपनिवेशीकरणको मुद्दाअन्तर्गत समग्र मधेसको भूमि र प्राकृतिक स्रोतमाथि समग्र मधेसीको अधिकार रहनुपर्ने सवाल उठाएको छ।

**तमलोपा** : खुलाबजार र उदार अर्थव्यवस्थाको माध्यमबाट निजी क्षेत्रमा स्वदेशी र विदेशी लगानी आकर्षित गर्ने, निजी तथा राजकीय र सहकारी क्षेत्रबीच प्रतिस्पर्धात्मक अर्थ प्रणालीमार्फत आर्थिक विकास र गरिबी निवारणका कार्यक्रमलाई प्रोत्साहन दिँदै ग्रामीण क्षेत्रको अर्थतन्त्र उकास्ने नीतिको पक्षमा तमलोपा छ। भूमिसम्बन्धी आजसम्मका सरकारी नीतिले मधेसी दलित र भूमिहीनलाई छलेको भन्दै भूमिहीन तराई दलितको पक्षमा लागू हुने गरी भूमिको हदबन्दीलगायत भूमि व्यवस्थापनको पक्षमा तमलोपा देखिन्छ। साथै उसले 'खेत-खेतमा पानी, हाथ–हाथमा काम' को नारालाई मूलमन्त्र मानेको छ। तमलोपाको आर्थिक कार्यक्रम तराई-मधेसलाई मात्र लक्षित गरेर तय गरिएको छ।

संविधानसभाका प्रारम्भिक दिनहरूमै खास गरी राष्ट्रपति र सरकारको गठनमा ढिलाइ भयो। साथै मधेसवादी दलहरूको अवरोध र दबाबले नयाँ रूप लियो। त्यसैले यसबाट जो कसैलाई पनि आगामी दिनमा संविधानसभामा उत्पन्न हुने वैचारिक द्वन्द्वको छनक मिलेकै हुनुपर्छ। नेपाली काँग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सरकार गठन गर्ने माओवादी दाबीलाई असफल बनाउन खेलेको भूमिका र उनलाई राष्ट्रपति मान्न माओवादीले देखाएको अनिच्छा पनि वैचारिक र वर्गीय द्वन्द्वकै तीखा अभिव्यक्तिहरू हुन्। संविधान निर्माण प्रक्रिया अगाडि बढ्दै जाँदा यस्ता द्वन्द्वहरू झन् धारिला हुँदै जानेछन्।

## आर्थिक रूपान्तरण : बहसका केही पक्षहरू

परिवर्तन वा आर्थिक विकासमार्फत व्यक्ति र परिवारको अवस्थामा सकारात्मक उन्नति प्राप्त गर्ने उपाय वा अवलम्बन गरिने नीतिबारे विभिन्न विचारधाराबीच बहस र छलफल हुन्छन् । त्यस्ता बहसले निर्माण गर्ने मनोविज्ञानले समाजलाई गतिशील ढङ्गले आफ्ना बाटाहरू खोज्न प्रेरित गर्छ । सामान्यतया यस्ता बहसहरूमा सत्तारुढ वर्गका विचारले प्रभुत्व स्थापित गर्छ । एन्टोनियो ग्राम्सीले सांस्कृतिक वा विचारधारात्मक *हेजेमोनी*को कुरा गर्दा यसै पक्षलाई उधिनेका छन् । ग्राम्सीका अनुसार सत्तारुढ वर्गसँग नागरिक समाज र त्यसका बौद्धिक कार्यकलापलाई समेत नियन्त्रण गर्न सक्ने स्रोतहरू रहने हुँदा त्यस्ता बहसले सत्तारुढ वर्गको अनुकूल मनोविज्ञान निर्माणमा सहयोग गर्छ । तर समाजमा एकपटक सत्तामा आसिन वर्गका प्रतिनिधि वा शासक दलप्रति अविश्वास उत्पन्न भएपछि वा त्यस्तो अविश्वास उत्पन्न गर्न वैकल्पिक विचारहरूले जनसमूहमा प्रभुत्व सिर्जना गर्न थालेपछि सत्तामा सङ्कट उत्पन्न हुन्छ र समाज रूपान्तरण वा तीव्र परिवर्तनको दिशातिर लम्कन्छ (Gramsci 1996) । नेपालमा अहिले त्यस्तै भइरहेको छ । परम्परागत वा यथास्थितिवादी शक्तिहरूले समाजमा आफ्नो एकलौटी वैचारिक प्रभुत्व गुमाएको छ । पुरानो उत्पादन पद्धतिको तीव्र विघटन भइरहेको छ । त्यसलाई विस्थापित गर्ने नयाँ पद्धतिको सङ्गतिपूर्ण विकास नभइसकेको सङ्क्रमणकालका कारण सामान्य जीविकामा सङ्कट उत्पन्न भएकाले जनसाधारणमा पुराना अर्थ-सामाजिक मूल्यप्रणालीमाथि विरोध र नयाँ प्रणालीको खोजीप्रति आकर्षण बढ्दो छ । जनयुद्ध र जनआन्दोलनमा सहभागिता जनाएर जनसाधारणले त्यही कुरालाई अभिव्यक्त गरेको थियो ।

राजनीतिक नेतृत्वको काम सपना देखाउनु र त्यसै अनुरूप आफ्ना सङ्गठन तथा कार्यदिशाहरू तय गरी जनतालाई डोऱ्याउनु पनि हो । एसियाली आर्थिक टाईगरहरूका चमत्कारिक आर्थिक विकास पनि महत्त्वाकाङ्क्षी आर्थिक लक्ष्य र सोही अनुरूपको नेतृत्वले गर्दा अलि छिटो भएको हो । चीनमा देङ्गले २० वर्षमा आर्थिक वृद्धिलाई चौबर पार्ने सपना बाँडे र सोही अनुरूप सम्पूर्ण राष्ट्रलाई परिचालन गरे । त्यो लक्ष्य समय अगावै हासिल पनि भयो । नेपालमा पनि यतिबेला माओवादीले प्रतिव्यक्ति आयमा १० गुणा वृद्धि र २० प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने कुरा गरेको छ । ठीक यस्तै आशयको एउटा प्रस्ताव नेपाल उद्योग वाणिज्य सङ्घले पनि अगाडि सारेको छ । हाल नेपाल उद्योग परिसङ्घले पनि *प्रत्येक नेपालीको मासिक आय बाह्र हजार* भन्ने नारामाथि बहस आरम्भ गरेको छ । २० प्रतिशतको आर्थिक वृद्धिदर, जुन यतिबेला जम्मा ५

प्रतिशतभन्दा तल छ, हासिल हुनसक्ला कि नसक्ला ? प्रतिव्यक्ति आयमा १० गुणा वृद्धि अर्थात् अहिलेको ३१० अमेरिकी डलरबाट बढाएर ३१०० अमेरिकी डलरमा पुऱ्याउने कुरा सम्भव होला कि नहोला ? यी प्रश्न स्वाभाविक रूपमा उठिरहेका छन् । वर्तमान समयमा सबैभन्दा बढी आर्थिक वृद्धिदर हासिल गर्दै गरेका चीन र भारत क्रमशः १०.५ र ९ प्रतिशत प्रति वर्षको वृद्धिदर वरिपरि छन् । नेपालले यदि आफ्नो परम्परागत सोचाइ, कार्यशैली बदलेन भने बजेट, स्रोत वितरण, विकास निर्माणको प्रक्रिया, कर्मचारीमा रहेको अनुत्तरदायी शैली कायम राखि राख्यौं भने पक्कै यो सम्भव छैन । तर जमिन जोत्नेलाई दियौं, कृषिमा अनुदान र आधुनिकीकरणको चाँजोपाँचो मिलायौं भने कृषिको उत्पादकत्व बढाउन सकिन्छ । देशभर रोजगारी पाएका मध्ये ४७ प्रतिशत अर्ध-रोजगार मात्रै छन् । ५ प्रतिशत जनशक्ति पूरै बेरोजगार छ । यस्तो समूहलाई उनीहरूको योग्यता र क्षमताअनुसार स्वयंसेवक दस्ता बनाएर काममा लगाउन सकिन्छ । नेपालमा राष्ट्रिय विकास सेवा (राविसे) को अवधारणा प्रयोग पनि भैसकेको हो । यतिबेला भनेजुएलाले शिक्षा र स्वास्थ्यका क्षेत्रमा यसरी परिचालित जनशक्तिमार्फत राम्रो सफलता हात पारेको छ । तिनलाई जम्मा पारेर न्यूनतम ज्यालादर निर्धारण गरी श्रम-प्रधान विकास अभियान सञ्चालन गऱ्यौं भने त्यसले बजारमा वस्तुको माग र ग्रामीण क्षेत्रको उत्पादनलाई सहरसम्म पुऱ्याउने अवसर जुटाएर अर्थतन्त्रका टुटेका कडी जोड्न सक्छ । यस्ता अभियानभित्र सडक, विद्युत, सिँचाइ, खानेपानी, जडीबुटी सङ्कलन र उत्पादनका काम सबै समेट्न सकिन्छ । साक्षरता अभियानदेखि रोगको रोकथामसम्मका काममा चेतना जगाउन स्वयंसेवक खटाउन सकिन्छ जसले मानवीय विकासलाई ह्वात्तै बढाइदिन सक्छ ।

सन् १९९० को परिवर्तनपछि नेपालको मूलधारका सञ्चारमाध्यम र बौद्धिक बहसमा नव-उदारवादले प्रभुत्व जमायो । निजीकरण गर्नुपर्छ भन्न थालियो । संस्थानहरू बिक्री भए । विद्यालय र स्वास्थ्य सेवा महङ्गा भए । उदारीकरणका कुरा गरियो । सरकारी अनुदान हटाउनुपर्छ भनियो । त्यसले कृषि उत्पादकत्व घटायो । प्रतिस्पर्धात्मक क्षमतामा ह्रास ल्यायो । काठमाडौँका सीमित मान्छेका हातमा धन थुप्रियो । जसको पहुँच छ, जो सत्ताको वरिपरि छ त्यसले कुम्ल्यायो । असमानताको सुचकाङ्क गिनी गुणक बढेर ४७.२ पुग्यो (UNDP 2008) । बजारमा भएको वस्तुको मागलाई आन्तरिक उत्पादनबाट होइन आयातबाट धान्नुपर्ने भयो । सहरी क्षेत्रमा केही रोजगारीका अवसर थपिए पनि आम बेरोजगारी झन् बढ्यो ।

अब फेरि इतिहासमा नयाँ मोड आएको छ । काठमाडौँको शक्ति केन्द्रमा स्थापित परम्परागत बौद्धिक बहसका थलाहरू, ठूला सञ्चारमाध्यमहरू र दातृ संसारका विकासे चिन्तन र बौद्धिक बहसमा अझै पनि वासिङ्टन सहमति अथवा बजार-प्रधान दृष्टिकोण हावी छ । यसले समाजमा विद्यमान आर्थिक सङ्कटको कारण खोतल्न र आम जनताको सहभागितामा परिवर्तनकारी काम थाल्न प्रेरित गर्दैन । यसले *रेमिटेन्स*को हिसाब गर्छ । आर्थिक सहयोग र ऋणका कुरा गर्छ । विश्व बैङ्कले यस्तो गर्न दिन्छ वा दिन्न भन्ने कुरा गर्छ । जनताको शक्तिमा विश्वास गर्दैन । देशभित्रै रोजगार सिर्जना गर्न स्वतन्त्र आर्थिक नीति अवलम्बन गर्दै राज्यको थप भूमिकासहित स्रोतको पुनर्वितरणमार्फत आम मान्छेलाई अवसर उपलब्ध गराउने आवश्यकता देख्दैन । अबको बहसमा कसको पल्ला भारी हुन्छ भन्ने कुराले पनि आगामी अर्थ नीति तय गर्ने छ ।

निजी क्षेत्रबाट सञ्चालित एउटा विद्युत कम्पनीबाट उत्पन्न सङ्कटपछि अमेरिकाले समेत *डिरेगुलेसन*को उदारवादी मन्त्र छाडेर *क्वालिटी रेगुलेसन* को कुरा गर्न थालिसक्यो । एउटा चिनिया अर्ध-सरकारी कम्पनीले अमेरिकी निजी तेल कम्पनी खुला बजार प्रक्रियाबाट खरिद गर्न खोज्दा अमेरिकी काँग्रेसले राष्ट्रिय हित प्रतिकूल हुन्छ भनी लगाएको रोकले पनि नव-उदारवादको असलियत खुल्छ । बजारलाई खुला र स्वतन्त्र छाड्ने भने पनि आफ्नो लागि बजार, प्राकृतिक स्रोत र तेलको आपूर्ति सुनिश्चित गर्न विश्वभर आक्रमण गर्दै हिँड्ने अमेरिकी नीतिले विश्व बैङ्क, आइएमएफ, विश्व व्यापार सङ्गठन तथा राष्ट्र सङ्घीय सुरक्षा परिषद्को छाताभित्रबाट अमेरिकी स्वार्थका पक्षमा खेल खेल्ने कुरामा विवाद रहन्न । यो उपभोगवादी दर्शनले विश्वलाई नै वातावरणीय सङ्कट, सशस्त्र सङ्घर्ष र द्वन्द्वहरू, तेल तथा निर्माण सामग्री सङ्कटतिर निरन्तर धकेल्दै लगेको कुरा बिर्सन मिल्दैन । सन् १९९० को १७/१८ वर्षपछि नै नव-उदारवाद धराशयी बन्दै छ । पूर्वी एसिया सङ्कटको १० वर्ष नपुग्दै अमेरिकाको अर्थतन्त्र मन्दीतिर जाँदै छ । दक्षिण अमेरिकाभर वामपन्थी दलहरू लोकप्रिय भएका छन् । भारतमै पनि उदारवादी मनमोहन सिंहको सरकार वामपन्थी झुकाव देखिने सामाजिक-आर्थिक राहतका कार्यक्रम ल्याउन बाध्य भएको छ । नेपालको हकमा समेत संसदीय व्यवस्था र राजतन्त्रको पतन हुने गरी भएका जनयुद्ध र जनआन्दोलनको सफलतालाई सन् १९९० पछिको सरकारका नीतिहरूको असफलताका रूपमा नै हेरिएको छ ।

त्यसैले अबको बौद्धिक बहसले परम्परावादी समाजवादका कमजोरी नदोहोरिने तथा नव-उदारवादका ज्यानमारा सिद्धान्तबाट पनि बच्ने लोकतान्त्रिक मूल्यसहितको

समाजवादी अर्थ-राजनीतिक ढाँचाको पक्षमा जनमत सिर्जना गर्न बढी प्रयास गर्नेछ । त्यसो भयो भने उत्पादक शक्तिको मुक्ति र स्वतन्त्र आर्थिक विकाससँगै सामाजिक न्यायलाई सँगै लान सकिन्छ । शिक्षा, स्वास्थ्य र रोजगारीमा जनताको समान पहुँच स्थापना गर्न सकिन्छ । यसका लागि पञ्चायतले हुर्काएको अकर्मण्यता र प्रजातान्त्रिक कालको पराश्रित चिन्तनबाट मुक्त भई हाम्रा प्राथमिकता, आवश्यकता र दीर्घकालीन आर्थिक विकासका रणनीति तय गर्ने गरी समाजमा विद्यमान सबै चिन्तनधाराबीच सार्थक बहस उठ्न जरुरी छ । यस्तो बहसले भूमिहीन, सुकुमबासी, कमैया, हली, अधिया कमाउने वा आफ्नै खेतमा काम गर्ने किसानदेखि उद्योगपति, व्यापारी, सङ्गठित क्षेत्रका मजदुर, असङ्गठित क्षेत्रका मजदुर, विभिन्न पेशामा संलग्न बौद्धिकदेखि स्वरोजगार तथा साना व्यवसाय गरेर बसेका समूहहरूसम्म सबैलाई समेट्नुपर्छ । यस्तो बहसमा माथि भनिएका साम्यवादी, समाजवादी, उदारवादी र पहिचानवादी सबैलाई एक ठाउँमा उभ्याउनुपर्छ । सबैका स्वार्थहरूबीच टक्कर र सम्झौताको बाटो पहिल्याउने पहल गर्नुपर्छ । किनकि नेपाल यी सबैले मिलेर नबनाए बन्दैन । सबैको स्वामित्व स्थापित हुन नसक्ने विकास वा आर्थिक वृद्धिले समाजमा फेरि तनाव बढाउँछ ।

## विकास, वृद्धि र समता

आर्थिक प्रश्नहरू तीन ओटा विषय वरिपरि घुमिरहन्छन् - आर्थिक विकास, आर्थिक वृद्धि र आर्थिक समानता । यी तीन पक्ष फरक फरक देखिए पनि अन्तर्सम्बन्धित र परिपूरक छन् । सामान्यतया आर्थिक विकास परम्परागत आर्थिक संरचनाबाट परिवर्तन भई क्षेत्रगत सम्बन्धको विस्तार गर्दै आर्थिक वृद्धितिर लैजाने एउटा प्रक्रिया हो । शिक्षा, स्वास्थ्य, यातायात, विद्युत, सञ्चार र त्यसलाई व्यवस्थापन गर्ने संरचनामा हुने परिवर्तनलाई विकास वा विकासका पूर्वाधार मानिन्छ । यसको विस्तारले परम्परागत उत्पादन ढाँचामा फेरबदल ल्याउँछ । उद्योग-धन्दाको विकास हुन्छ । मानव-पूँजी निर्माण हुन्छ । व्यवस्थापकीय क्षमतामा क्रान्ति ल्याउँछ । कृषि र आधुनिक क्षेत्रबीच सम्बन्ध बलियो बन्न थाल्छ । यिनै कुराले रोजगारी सिर्जना हुन्छ । आम्दानी बढाउँछ र मानिसहरूको जीवनशैली, खाने लाउने बानीमा परिवर्तन गराउँछ । बढेको आम्दानीको प्रयोग उपभोगमा मात्र नभई बचत पनि बढाइन्छ । कुल राष्ट्रिय सम्पत्ति र प्रतिव्यक्ति आम्दानीमा हुने वृद्धिलाई आर्थिक वृद्धि भनिन्छ । यसका लागि उत्पादनमूलक कार्यमा लाग्न पाउने, श्रम गर्न पाउने तथा स्रोतमाथि अधिकार स्थापित हुने

अवस्थालाई पूर्वसर्तका रूपमा पूरा गरिनुपर्छ । नेपालमा भूमि अधिकारको प्रश्न पनि यसैसँग गाँसिएको छ ।

आम्दानी बढेपछि उपभोग बढ्छ । त्यसैले बजारमा उपभोग्य सामान र घरजग्गाको माग बढाउँछ । त्यसको पूर्तिको लागि उत्पादन बढाउन आवश्यक हुन्छ । श्रमिकको माग बढ्दै जाँदा त्यसले ज्यालादर बढाउँछ । यो आम्दानी-बचत र लगानीको निरन्तर वृद्धिको प्रक्रिया लामो समयसम्म कायम गर्न सकियो भने मात्र देशको समग्र विकासको स्तर उकासिएर अल्पविकसितबाट विकासोन्मुखतिर, त्यसपछि मध्यमस्तरको विकास र उच्चस्तरको विकसित देशको तहमा पुगिने हो ।

आर्थिक वृद्धि हासिल हुँदै जाँदा समाजका विभिन्न हिस्साबीच स्रोत वा आम्दानीको वितरण गर्दै समतामूलक समाज निर्माण गर्न दबाब बढ्छ । यदि सरकारको दृष्टिकोण प्रगतिशील छैन भने उसले नाफा बढी गर्न खोज्ने पूँजीपति वर्गको पक्ष लिन्छ । मजदुर हडताल हुन्छ । किसानहरूले प्रदर्शन गर्छन् । क्रमशः बढी लोकतान्त्रिक पद्धति बन्दै जान्छ । विभिन्न वर्ग, पेशागत समूह, राजनीतिक दल वा सङ्गठनहरूबीचका अन्तर्सङ्घर्ष र सम्झौताहरूमार्फत समाजले बढी समतामूलक स्वरूप लिँदै जान्छ । यसका लागि झन् बढी लोकतान्त्रिक पद्धति र प्रगतिशील सरकार चाहिन्छ । सत्तारुढ वर्ग यस्ता परिवर्तनका विरोधमा उभिँदै गएको खण्डमा भने समाजमा शासित वर्गले विद्रोह गर्ने र क्रान्तिकारी फड्को मार्ने सम्भावनाको विकास हुन्छ । आर्थिक वृद्धिले मात्रै समता हासिल भने हुँदैन । भनिन्छ, चीनमा आर्थिक वृद्धिसँगै बढेको असमानताका लागि त्यहाँको राज्य-प्रणालीले जनतालाई राजनीतिक अधिकार सीमित गराएकोले राज्य विरुद्धको जनदबाब कमजोर भएर हो । विकासका पूर्वाधार तयार नभई आर्थिक वृद्धि हासिल हुँदैन । आर्थिक वृद्धि हासिल नभई समग्र समाजलाई सम्पन्न बनाउन मिल्ने गरी आयको पुनर्वितरणको तारतम्य मिलाउन सकिन्न । आर्थिक वृद्धि र समतामूलक समाजको स्थापना सम्पूर्ण आर्थिक क्रियाकलाप र सरकारी नीतिहरूको लक्ष्य हुनुपर्छ भन्ने अवधारणा आजभोलि सबै सरकारहरूको प्रचारात्मक नारा हुने गरेको छ । विवाद भने त्यस्तो आर्थिक वृद्धि कसरी हासिल गर्ने भन्ने कुरामा हुने गर्दछ । अहिले पनि आर्थिक क्रान्तिको प्रसङ्ग चलेको छ । र, विवाद चाहिँ त्यस्तो क्रान्ति कसरी सम्पन्न गर्ने भन्ने विषयमा केन्द्रित छ ।

राज्यको भूमिका कति र कस्तो रहने विषय नै यसरी उठेका विवादहरूको सार हो । साथै निजी क्षेत्रको भूमिका कति र कस्तो रहने; केलाई प्राथमिकताका क्षेत्र निर्धारण गर्ने (जलस्रोत, पर्यटन, जडीबुटी, उद्योग, कृषि आदि); बाह्य

सहयोग र लगानी कसरी व्यवस्थापन गर्ने; निम्न वर्गलाई तत्काल राहत कसरी उपलब्ध गराउने; शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइजस्ता क्षेत्रमा राज्य, परिवार, समुदाय र निजी क्षेत्रको भूमिका कसरी निर्धारण गर्ने; कस्तो भूमि-व्यवस्था लागू गर्ने भन्नेजस्ता प्रश्नहरू छन् । यी प्रश्नबारे आ-आफ्ना मतदाताका वर्ग-स्रोतअनुसार अथवा आ-आफूले बोकेको राजनीतिक विचारधारा अनुरूप सबै पार्टीका अलग अलग विचार वा प्रस्तावहरू छन् । यहाँ तिनै प्रश्नको वरिपरि रहेर नेपालका लागि सम्भावित आर्थिक नीतिबारे छलफल गरिने छ ।

## अहिलेको नेपाल र राज्यको भूमिका

समाजका विभिन्न तह र तप्काका सदस्यबीच अवसरको बाँडफाँट कसरी गर्ने, अर्थतन्त्रमा तत्काल उपलब्ध स्रोतहरूको अधिकतम उपयोग कसरी गर्ने, वस्तु तथा सेवाहरूको वितरण कसरी प्रभावकारी बनाउने भन्ने कुरा बजारको संयन्त्र र राज्यको नियामक भूमिकाबीच रहेको अन्तर्सम्बन्धले निर्धारण गर्छ । शास्त्रीय अर्थशास्त्रीहरूले रोजगारका सिद्धान्तहरूमार्फत बजारले नै स्वःस्फूर्त रूपमा पूर्ण रोजगारीतिर लैजान्छ भन्दै बजारलाई स्वतन्त्र छाड्ने विषयमा जोड दिए । यसले नै स्रोतहरूको अधिकतम उपयोग हुने तथा सामाजिक न्याय पनि स्थापित हुने कुराको वकालत गरे । मार्क्सवादीहरूले भने बजारले होइन राज्यसँग त्यसको अनोन्याश्रित सम्बन्ध रहेकोले राज्यले नै त्यसको निरूपण गर्नुपर्ने कुरा उठाए । जसरी सन् १९३० मा पश्चिमा मुलुकमा छाएको मन्दीले शास्त्रीय अर्थशास्त्रीलाई असफल साबित गरायो त्यसरी नै सन् १९८० को आर्थिक जडताले मार्क्सेली परिभाषालाई खोटी देखायो । देङ्गले चीनमा समाजवादी बजार अर्थतन्त्रको प्रयोग सुरु गरेकै बखत उदारवादतिर लागेका अमेरिका र बेलायतमा समेत राज्यले शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा खर्च बढाउँदै लगेको तथ्यलाई अमर्त्य सेनले आफ्नो पुस्तक *इण्डिया डेभलपमेण्ट एण्ड पार्टिसिपेसन*मा चर्चा गरेका छन् । सोही पुस्तकमा उनले चीनले बजार अर्थतन्त्रतिर पाइला चालेपछि तीव्र आर्थिक विकासका बावजुद कसरी सामान्य नागरिकको शिक्षा तथा स्वास्थ्यमाथिको पहुँच माओकालीन चीनमा भन्दा खुम्चिएर गयो भन्ने पनि चर्चा गरेका छन् (Dreze and Sen 2005: 122-23, 128-29) ।

नेपाल पनि आर्थिक असमानता चरम भएको देश हो । त्यसैले आर्थिक नीति, आर्थिक संरचना र विकास प्रक्रियासँग आपसमा जेलिएका प्रश्नहरू धेरै छन् । केवल राज्यको समग्र आर्थिक विकासको स्तर र प्रतिव्यक्ति सरदर आयका आधारमा मात्र ती प्रश्नको जवाफ भेटिन्न । त्यसैले थोक ग्राहस्थ उत्पादनवादी (जिडिपिवादी)

हरूले भने जस्तो राष्ट्रको कुल आर्थिक वृद्धिदर बढेपछि सबैथोक मिल्दै जाने कदापि होइन । सरकारले शिक्षा, स्वास्थ्य र यातायातजस्ता सार्वजनिक सेवालाई राज्यको जिम्मेवारीका रूपमा ग्रहण नगरुन्जेल यो समस्या ज्यूँका त्यूँ रहन्छ । राज्यसँग भएका स्रोतहरू गरीब, निमुखा र पछि पारिएका क्षेत्रमा परिचालित गरेर, सार्वजनिक सेवामा लगानी र प्रतिफलको दर बढाएर वा त्यसको गुणस्तरलाई निजी क्षेत्रको भन्दा राम्रो बनाएर मात्रै सामान्य परिवारले सम्पन्नहरू सरह जीविका धान्दै अन्य क्षेत्रमा योगदान गर्नसक्ने स्थिति बन्छ ।

काठमाडौँमा देशभरको १० प्रतिशत जनसङ्ख्या छ तर कुल उपभोगको झण्डै ४५ प्रतिशत यहीँ छ । अबको संरचनाले पनि देशभरिको सम्पत्ति केन्द्रित हुने अरू केही काठमाडौँहरू जन्माउने र गाउँलाई कङ्गाल पार्ने हो वा स्रोत तथा विकासको पनि तुलनात्मक रूपमा समान वितरण गर्ने हो ? लोकतन्त्रमा राज्यको भूमिका कस्तो रहने सवालले यी प्रश्नहरूको उत्तर निर्धारण गर्दछ ।

राज्य पुनर्संरचनासँग गाँसिएको आर्थिक नीति त्यसैले महत्त्वपूर्ण हुनेछ । हाल नेपालको अन्तरिम संविधान २०६३ मा केही आर्थिक तथा सामाजिक सुरक्षाका अधिकारलाई व्यवस्थित गरिएको छ । अन्तरिम संविधानको भाग ४ मा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूअन्तर्गत धारा ३३ को ङ, च, ज, झ; धारा ३४ को ४; धारा ३५ का ४, ५, १६ र १७ मा जनताका आर्थिक हितको पक्षमा राज्यले अपनाउनुपर्ने नीतिहरूबारे उल्लेख छ । यसलाई आधार बनाउँदा नेपाली राज्यले लोककल्याणकारी राज्यको अवधारणाबाट सामाजिक न्याय स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरेको देखिन्छ । सामन्तवादका सबै रूपहरूको अन्त्य गर्ने; शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने; सबै किसिमको आर्थिक एवं सामाजिक असमानता हटाउने; स्थानीय प्राकृतिक स्रोतको प्रयोगमा स्थानीय समुदायलाई नै प्राथमिकता दिने; सरकारी, सहकारिता र निजी क्षेत्रलाई आर्थिक विकासको माध्यम बनाउने; आर्थिक स्रोत र साधनको न्यायोचित वितरण गर्ने जस्ता विषय यी बुँदामा समाविष्ट छन् । यसमध्ये शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने कुरा धारा ३३ को 'ज' मा उल्लेख छ । अन्तरिम संविधानमा यस्ता संवैधानिक सुनिश्चितता भए पनि व्यवहारमा यी लागू छैनन् । नेपाली नागरिकले विभिन्न चरणका आन्दोलनहरूमार्फत यी सवाललाई अधिकारको रूपमा अवलम्बन गर्न राज्यलाई बाध्य पारेका हुन् ।

नेपालले २००८ सालदेखि नै व्यवस्थित रूपले पूर्वाधार निर्माण र सामाजिक सेवाका क्षेत्रमा लगानी सुरु गरेको हो । अहिलेसम्म १० ओटा आवधिक योजनाहरू

सम्पन्न भइसकेका छन् । तथापि नेपालीको समृद्धिको स्तरलाई अरू देशसँग तुलना गर्‍यो भने लाजले जिब्रो टोक्नुपर्ने अवस्था छ । नेपालको मानव विकास सूचक ०.५३४ छ जुन विश्वका अल्पविकसित देशको लहरको पनि निकै तल १४२ नम्बरमा पर्छ । औसत आयु जम्मा ६२.६ वर्ष छ । १५ वर्ष माथिको जम्मा ४८.६ प्रतिशत जनसङ्ख्या साक्षर छ । नेपाली परिभाषाअनुसार जनसङ्ख्याको ३१ प्रतिशत निरपेक्ष गरिबीको रेखामुनि छ । १७ प्रतिशत जनसङ्ख्या पेटभर खान नपाएर कुपोषण ग्रस्त छ । पाँच वर्ष मुनिको ४८ प्रतिशत केटाकेटी कम तौलका छन् । प्रति १००० जीवित जन्मेका शिशुमध्ये ७४ जना पाँच वर्ष नपुग्दै मर्छन् । जीवितै बच्चा जन्माएका एक लाख आमामध्ये ८३० जना त्यही बच्चा जन्माउने प्रक्रियामा नै आवश्यक उपचार र सुविधाको अभावमा मर्छन् । सबै हाँगाका मिलाएर प्रत्येक ३०,७७० जनसङ्ख्या बराबर एउटा विशेषज्ञ चिकित्सक पर्छन् । अस्पतालको उपलब्ध शैय्या सङ्ख्या जम्मा ६,९४४ छ । सन् २००६/०७ मा नेपालको वार्षिक आर्थिक वृद्धिदर २.५ प्रतिशत थियो जतिबेला नेपालका सार्क छिमेकीहरूको यो दर ८.७ थियो ।

प्रतिव्यक्ति आय अमेरिकी डलरमा ३१० छ । नेपालमा आर्थिक अवसर र आयको वितरणमा रहेको असमानता दर विश्वकै उच्चमध्ये पर्छ । सबैभन्दा तलको १० प्रतिशतले कुल राष्ट्रिय आयको २.६ प्रतिशत र सबैभन्दा माथिको १० प्रतिशतले भने ४०.६ प्रतिशत हात पार्छ । ८० प्रतिशतका हातमा कुल आयको ४५.४ प्रतिशत पर्छ भने बाँकी २० प्रतिशतले मात्रै ५४.६ प्रतिशत सम्पत्तिमाथि कब्जा जमाएको छ (UNDP 2008: 283) ।

सक्रिय श्रमशक्तिमध्ये ६६ प्रतिशत संलग्न रहेको कृषि क्षेत्रले कुल राष्ट्रिय आयमा ३५ प्रतिशतभन्दा पनि कम योगदान गर्छ । प्राथमिक क्षेत्र (कृषि, मत्स्यपालन, वन, खनिज, क्वारीङ) को योगदान ३६.६ प्रतिशत, सेकेण्डरी क्षेत्र (उद्योग, विद्युत, ग्यास, पानी र निर्माण) ले १६.३ प्रतिशत र सेवा क्षेत्रले ४७.१ प्रतिशत योगदान गर्छन् । आ.व. सन् २००६/०७ मा कुल वैदेशिक ऋण ग्रार्हस्थ उत्पादनको ३६.२ प्रतिशत अर्थात् २३३ अरबभन्दा बढी थियो ।

अन्तर्राष्ट्रिय व्यापारमा भारतसँगको निर्भरता ६० प्रतिशतभन्दा बढी छ र यस वर्ष भारतसँगको व्यापार-घाटा ७० अरब पुग्ने अनुमान गरिँदै छ । कुल ग्रार्हस्थ उत्पादनको १५ प्रतिशतभन्दा बढी *रेमिटेन्स*ले धानेको अर्थतन्त्रलाई १० लाखभन्दा बढी सङ्ख्यामा मलेसिया र खाडी मुलुकमा पुगेका अदक्ष तथा अर्ध-दक्ष कामदारले योगदान गरिरहेका छन् (MoF 2007) । पहाडी क्षेत्रमा श्रमशक्तिको कमी हुन थालेकाले परम्परागत निर्वाहमुखी कृषिको उत्पादकत्व समेत घटेको छ ।

नेपालका जम्मा १४ प्रतिशत जति मान्छे मात्र साना ठूला सहर वा नगर इलाकामा बसोबास गर्छन् । प्राकृतिक स्रोतको प्रयोगको दृष्टिले देशले कति प्रगति गरेको छ भन्ने कुरा त हरेक सुख्खा याममा साताको ५० घण्टासम्म लोडसेडिङ बेहोर्दै आएका नेपालीलाई थाहा नै छ । अझै पनि ५५ प्रतिशत नेपाली परिवारमा कुनै पनि प्रकारको विद्युतसेवा पुगेको छैन । कालोपत्रे, ग्राभेल गरेको र मौसमीसमेत गरी जम्मा १७,६०९ किमी बाटो बनेको छ । अझैसम्म पाँच ओटा जिल्लाका सदरमुकाममा सडक यातायातले छोएको छैन । अर्थशास्त्रको 'ब्याकवार्ड लिङ्केज र फरवार्ड लिङ्केज' सिद्धान्तअनुसार पनि ग्रामीण क्षेत्र वा परम्परागत अर्थतन्त्रलाई आधुनिक अर्थतन्त्रसँग गाँस्न सडक सञ्जालको यस्तो अवस्थाले भ्याउने छैन ।

बजारको सामान्य सिद्धान्तले मुनाफा नहुने ठाउँमा निजी क्षेत्र लगानी गर्दैन नै भन्छ । नेपालको आधुनिक औद्योगिक क्षेत्र वा अन्य सेवाक्षेत्र पनि सहर केन्द्रित छ । त्यसैले राज्यको प्रमुख ध्यान भने परम्परागत क्षेत्र तथा पछाडि परेका सुदूर इलाकाहरूमा केन्द्रित हुनु अनिवार्य हुन्छ । जबसम्म आधुनिक तथा परम्परागत कृषि क्षेत्रलाई एउटै बजार संयन्त्रभित्र ल्याउन सकिन्न तबसम्म बजारका नियमहरूले मात्र काम गर्दैनन् सँगसँगै राज्यका नीति पनि प्रभावकारी बन्दैनन् ।

अर्कातिर समष्टिगत आर्थिक विकास केवल आर्थिक गतिविधि मात्रै होइन । यो समाजको संरचना, राजनीतिक स्वतन्त्रता, वैयक्तिक स्वतन्त्रता वा पहलकदमीसँग पनि गाँसिन्छ । आर्थिक विकासको स्तरलाई सामाजिक विकासको स्तरले समेत प्रभावित गर्छ । चीनले पछिल्लो ३० वर्षमा गरेको आर्थिक उन्नति सुधार पूर्वको चीनमा कायम भएको साक्षरता दर, शिक्षित जनशक्ति र स्वास्थ्य क्षेत्रको विकास तथा भूमिमा रहेको परम्परागत सामन्ती व्यवस्थाको अन्त्यको आधारमा टेकेर नै सम्भव भएको हो ।

त्यसै गरी संरचनागत तथा नीतिगत कारणले सयौं वर्ष पछाडि पारिएको तथा मानवीय विकासका दृष्टिले अझै निकै तल रहेको जनसङ्ख्याको ठूलो हिस्सालाई अरू सरह अगाडि बढ्ने अवसर प्रदान गर्नु राज्यको दायित्व नै बन्छ । दैनिक गुजारा टार्ने समस्यामा फसेर अन्य मानवीय विकासका लागि चाहिने खर्च धान्न नसकेका परिवारको उन्नतिका लागि आधारभूत खाँचो टार्नसक्ने अवस्थाहरूको सिर्जना गराउने दायित्व राज्यले लिनैपर्छ। त्यसैले आगामी व्यवस्थामा राज्यले :

क) १२ वर्षे शिक्षा निःशुल्क गर्दै सबैलाई समान अवसरको सुनिश्चितता गर्नै पर्छ । यसका लागि सार्वजनिक तथा सामुदायिक विद्यालयमा पर्याप्त लगानी

बढाउनु जरुरी छ । प्राविधिक तथा व्यावसायिक तालिमको अवसर, मूलतः विपन्न र पिछडिएका वर्ग र क्षेत्रमा केन्द्रित हुनेगरी राज्यले नै उपलब्ध गराउनु पर्छ । आम साक्षरता अभियानहरूमार्फत पनि ठूलो उपलब्धि हासिल हुन सक्छ । यसका लागि समेत व्यापक रूपमा सामान्य आर्थिक सहयोगमा राष्ट्रव्यापी रूपमा स्वयंसेवक परिचालन गर्न सकिन्छ ।

अहिले शिक्षामा भइरहेको निजी लगानी र निजी विद्यालयहरूको शैक्षिक गुणस्तर सामुदायिक विद्यालयभन्दा राम्रो देखिएको कारणले समाजका सम्पन्न मात्रै होइन साधारण आम्दानीमा बाँच्ने बाध्य परिवारले समेत आफ्ना सन्तानका लागि आम्दानीको ठूलो हिस्सा लगानी गरिरहेका छन् । निजी विद्यालय पूरै अन्त्य गर्नु वा बन्द गर्नु व्यावहारिक छैन । तर हरेक अभिभावकले सामुदायिक विद्यालयमा पढाएरै आफ्ना सन्तानले अरू सरह शिक्षामा समान अवसर पाएका छन् भन्ने कुरा स्थापित हुनैपर्छ । त्यसका लागि सरकारी विद्यालयको लगानी बढाएर मात्र हुँदैन उत्तरदायी शिक्षा प्रशासन र अनुगमनको व्यवस्थाका साथै समुदायको संलग्नता बढाउनु जरुरी छ ।

नेपालको शिक्षामा रहेको एउटा महत्त्वपूर्ण कमजोरी उत्पादित जनशक्ति र बजारले माग गर्ने गुणस्तरबीच रहेको भिन्नता पनि हो । थुप्रै विद्यार्थी विनाउद्देश्य उच्च शिक्षामा भर्ना हुन्छन् । पढाइको मध्यमै कलेज छाड्छन् वा पढ्दा-पढ्दै रोजगारीको चक्करमा खाडी मुलुक वा मलेसियातिर जान्छन् । स्नातक तहको अन्तिम वर्षमा पढ्दै गरेका तर कामको मौका पाएपछि पढाइ बीचैमा छाडेर निर्माण कम्पनीमा श्रमिक हुन गएका समेत भेटिन्छन् । तिनका अभिभावकको लगानी, पढ्दै गर्दा तिनले सहरी जीवनका लागि देखेका रङ्गीन सपना सबै तिनका लागि बोझ बनेर जीवनभर लखेटिरहन्छन् । यसमा रचनात्मक हस्तक्षेप जरुरी छ । शिक्षा लिने र प्रदान गर्ने सबैले देशका लागि आवश्यक पर्ने जनशक्तिको परिभाषा र शिक्षाको पाठ्यक्रमबीच सन्तुलन खोज्नै पर्छ । अहिले अलिअलि सहरका निजी विद्यालय र तालिम केन्द्रहरूले यतातिर सहयोग गरेको भए पनि त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रम र शिक्षाप्रतिको आम समझ अझै पनि परम्परागत छ । कुन तहको कुन पाठ्यक्रम किन पढ्ने भन्नेसम्म प्रस्ट नहुने स्थितिको अन्त्य हुनुपर्छ ।

चीन र भारतको आर्थिक पुनरोदयबारे संसारभर चर्को चर्चा हुने गरेको छ । चीनमा भएको आम औद्योगिक वस्तुको उत्पादन वृद्धि त्यतिकै सम्भव

भएको होइन । यो त सुधारपूर्वको चीनले शिक्षामा गरेको लगानीको प्रतिफल हो भन्ने तथ्य स्थापित भएको छ । सन् १९७८ को सुधार प्रक्रियाको थालनीका बेला नै चीनमा १५ वर्ष माथिका पुरुषको साक्षरता दर ९६ प्रतिशत र महिलाको ८५ प्रतिशत थियो । त्यस्तै भारतमा यति बेला ओइरिन थालेको *आउटसोर्सिङ*को प्रमुख कारण पनि त्यहाँ उपलब्ध दक्ष वा शिक्षित जनशक्ति नै हो । व्यक्ति वा परिवारको शिक्षाले उसलाई सामाजिक क्षेत्रमा उपलब्ध अवसरको उपयोग गर्न, विकल्पहरूको छनोट गर्न र राजनीतिक स्वतन्त्रताको उपभोग गर्न सक्षम बनाउँछ । त्यसैले नेपालले आगामी वर्षहरूमा आर्थिक उन्नति गर्न शिक्षामा लगानी बढाउनै पर्छ ।

ख) स्वास्थ्य क्षेत्रको विकास मानवीय संसाधनको विकासको अभिन्न अङ्ग हो । उपचारमा हुने खर्च कटौतीले परिवारका आवश्यकता पूरा गर्न वैकल्पिक वस्तु तथा सेवा खरिद गर्नसक्ने अवसर प्रदान गर्छ । ठूलो रोगको उपचारका लागि सामुदायिक स्वास्थ्य कोष र जीवन बिमा प्रणाली लागू गर्नुपर्छ । यसका लागि राज्य र परिवारले ५०–५० प्रतिशत बिमा शुल्क ब्यहोर्ने नीति लिन सकिन्छ । त्यस्तै गाविस वा समुदाय स्तरबाट आवश्यक बिमा रकम जम्मा गराइ जिल्ला स्तरका अस्पताल वा अञ्चल वा क्षेत्रीय अस्पतालहरू तथा सबै सरकारी वा निजी अस्पताललाई अनिवार्य रूपमा त्यस्ता परियोजनामा सहभागी गराउने नीति लिनुपर्छ । त्यस्तो बिमाले कम्तीमा स्वास्थ्य परीक्षण खर्चसमेत हाललाई पाँच हजारसम्मको उपचार खर्च ब्यहोर्नसक्ने नीति लिनु पर्छ । सबै बिमाकर्ता हरेक वर्ष बिरामी हुँदैनन् । त्यसैले बिमा रकमको परिचालन अर्को अर्थमा पूँजी निर्माण प्रक्रियाको सहायक हिस्सा बन्छ । एक हदसम्म काठमाडौं मोडेल अस्पताल र वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले यस्तो कामको सफल प्रयोग पनि गरेका छन् । सबै सङ्गठित क्षेत्रले पनि आफ्ना कामदारसँग मिलेर स्वास्थ्य बिमा गर्नैपर्ने नीति लिनु पर्छ । यस्तो बिमा सञ्जालभित्र भरिया, कुल्ली वा निर्माण कम्पनीमा काम गर्ने मजदुरसम्मलाई समेटिनु पर्छ । साथै सहरका असङ्गठित क्षेत्रमा काम गर्ने हजारौं कामदारलाई राज्यका सूचना सञ्जालभित्र ल्याएर तिनलाई पनि राज्यको स्वास्थ्य सेवा उपलब्ध हुने कुराको सुनिश्चितता गरिनु पर्छ । सँगसँगै स्वास्थ्यका उपचारात्मक उपायहरूको विस्तारसँगै प्रतीकारात्मक उपायको विस्तारमा एकैपटक खास अवधिका लागि सामान्य भत्ता दिने गरी हजारौं स्वयंसेवक परिचालन गर्ने नीति लागू गर्न सकिन्छ । यस्ता स्वयंसेवकहरूले गाउँ-गाउँमा स्वास्थ्य चेतना फैलाउने तथा प्राथमिक स्वास्थ्य

शिक्षा प्रभावकारी रूपमा फैलाउने काम मात्र गरे भने पनि नेपालमा आधाभन्दा सर्वसाधारण जनताले साना रोगहरूबाट मुक्ति पाँउछन् । समाजमा रहेका अन्धविश्वास, रूढिगत मान्यता र सरसफाइसम्बन्धी लापरवाहपूर्ण संस्कार हटाउने अभियान, मातृ–शिशु स्वास्थ्यसम्बन्धी गलत अवधारणा, पोषणयुक्त खानासम्बन्धी गलत मान्यता वा बदलिएको खाद्य व्यवहारका कारण बढेको कुपोषण हटाउनेजस्ता काम यस्ता अभियानमार्फत गर्न सकिन्छ ।

ग) बुढेसकालका लागि जीवनवृत्ति कोष खडा गरी न्यूनतम रकम व्यक्तिले जम्मा गर्दै जाने र राज्यले थप योगदान गरी जीवन निर्वाहको ग्यारेन्टी गर्ने ।

घ) खाद्य सुरक्षा वा न्यूनतम पोषणको ग्यारेन्टीका लागि रासन कार्डको व्यवस्था गरी सहुलियत दरमा खाद्यवस्तु उपलब्ध गराउने राज्यकै जिम्मेवारीभित्र पारिनुपर्छ ।

ङ) राज्यको भूमिका खानेपानी, ग्रामीण विद्युतीकरण, सञ्चार सेवाजस्ता विषयमा अझ विस्तार गरी प्रभावकारी बनाइनुपर्छ । यस्ता वस्तु तथा सेवाको बजारमा निजी क्षेत्रलाई पनि सरकारी वा सामुदायिक संस्थाहरूसँग प्रतिस्पर्धामा जान ठाउँ दिन सकिन्छ वा साझेदारी मूलक प्रयासहरू हुन सक्छन् । तर त्यस्तो काममा कम आय भएकै कारण आममानिसले विभेद खेप्नु नपर्ने अवस्थाको ग्यारेन्टी राज्यले मिलाउनुपर्छ ।

च) यस्तै गरी राज्यले किसानहरूका लागि विशेष आर्थिक अनुदान दिई कृषिमा पूँजीगत लगानीको अवसर तथा त्यसको समग्र आधुनिकीकरणको आधार तयार गर्नैपर्छ । यस्तो अनुदान मल, बीउ, किटनाशक औषधी, कृषि औजार तथा सिँचाइसम्मका लागि हुनसक्छ । साथै किसानहरूको उत्पादनले उचित बजार मूल्य पाउनु पर्ने सवालमा भने सरकारले हस्तक्षेप गरेर वा क्षतिपूर्ति दिएर वा आफैँले कृषि उपज खरिद गरेर पनि आवश्यक सुरक्षा दिनैपर्छ ।

छ) उद्योग, कलकारखाना, कृषि तथा सेवाका क्षेत्रमा काम गर्ने श्रमिकहरूले प्राप्त गर्ने सुविधाबाट न्यूनतम जीविकोपार्जन गर्नसक्ने स्तर कायम गराउन हस्तक्षेप नै गर्नुपर्छ ।

ज) निर्माण, ट्रेकिङ्ग वा अन्य सहरी श्रमलगायतका असङ्गठित क्षेत्रका श्रमिकलाई पनि राज्यको सूचना सञ्जालभित्र समेट्दै सहरी आवास, तिनका बालबच्चाको पढाइ तथा अन्य सामाजिक सुरक्षाका क्षेत्रमा उनीहरूको पहुँच स्थापित गर्नैपर्छ । श्रम अदालतसम्म तिनको पहुँच स्थापित गरी उनीहरूको *बार्गेनिङ* क्षमता बढाउनुपर्छ ।

झ) सार्वजनिक सवारीलाई जनताको अधिकारका रूपमा स्थापित गराई सर्वसुलभ यातायात प्रणाली स्थापना गरिनु पर्छ ।

ञ) विकासका लागि जनस्तरबाट उपभोक्तामार्फत विकास कोषको स्थापना गर्दै श्रम-प्रधान निर्माण अभियानहरू सञ्चालन गर्नुपर्छ ।

### *निजी क्षेत्र*

पूँजीवादी समाज निर्माणको चालकशक्ति मुनाफा प्रेरित निजी पूँजी नै हो । त्यसैले समाजको पूँजीवादी ढाँचा निजी क्षेत्र व्यावसायिकता तथा औद्योगिक विकासको जगमा निर्माण हुन्छ । केही वर्षयता नेपालमा निजी क्षेत्रको प्रवेश हरेक व्यवसायमा भएको छ । र, पनि त्यसबाट प्रतिस्पर्धा, गुणस्तरीय सेवा र सस्तो सुविधा दिनुको सट्टा हरेक क्षेत्र जनताको पहुँच घटाउन उद्यत छन् । जस्तो शिक्षा, स्वास्थ्य, हवाइ यातायातका क्षेत्रमा निजी क्षेत्रको प्रवेशपछि पनि नेपालमा जनताले प्रतिस्पर्धात्मक *सस्तो मूल्य र गुणस्तरीय सेवाको* अनुभव गर्न पाएका छैनन् । अर्कोतिर खुला व्यापार र उदार अर्थनीतिका कारण क्षमताको पर्याप्त विकास नै नेपाली निजी क्षेत्रले प्रतिस्पर्धा गर्नुपरेको छ ।

राज्यका नीतिहरू प्रस्ट पारियो, अनुगमन संयन्त्र बलियो र भरपर्दो बनाइयो तथा राजनीतिक र नीतिगत स्थिरता कायम गर्न सकियो भने निजी क्षेत्रले औद्योगिक विकास, पर्यटन, जलस्रोत, बैङ्किङ र व्यापार मात्र होइन सडकलगायतका पूर्वाधारहरूको निर्माण र सञ्चालनमा समेत लगानी गर्न सक्छ । निजी क्षेत्रको विकासको अर्थ सार्वजनिक वस्तु र सेवामाथि सर्वसाधारणको पहुँच घटाउने कदापि होइन । बरू यसले रोजगारको सिर्जना, करमार्फत सार्वजनिक क्षेत्रमा योगदान र सेवा प्रदायकलाई सर्वसुलभ बनाउने भूमिका खेलोस् भनी राज्यले केही सीमा र नियामक विधिहरू बनाउनुपर्छ । निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमताले धान्न नसक्ने गरी अर्थतन्त्रलाई खुला बनाउनबाट जोगिनु पर्छ । यसका साथै विश्व बजारमा हाम्रा लागि तुलनात्मक लाभका क्षेत्र पहिल्याएर विशिष्टीकरणतिर जान ध्यान दिनुपर्छ । पर्यटन, वनजन्य उत्पादन, कृषिजन्य उद्योगका उत्पादनहरू, जडीबुटी र जलस्रोत नै नेपालका मुख्य तुलनात्मक लाभका क्षेत्र हुन सक्छन् ।

उदारीकरण र निजीकरणको वर्तमान चक्रको एउटा मुख्य चालक शक्ति मानिने विश्व व्यापार केन्द्र (डब्लुटिओ) मा नेपालले प्रवेश गरिसकेको छ । यससँगै अन्तर्राष्ट्रिय बजारमा आफ्नो उपस्थिति कायम राख्न त्यसबाट हुने फाइदाका क्षेत्र पहिल्याउन र उत्पन्न हुने चुनौतीको सामना गर्न नेपालको निजी

क्षेत्र पर्याप्त बलियो छैन । अर्कोतिर नेपालको वित्तीय क्षेत्रदेखि सबै खाले सेवा क्षेत्रमा पनि विदेशीहरूको लगानी खुला हुने, कृषि उत्पादनले समेत बजारमा प्रतिस्पर्धा गर्नुपर्ने चुनौती छ । यसलाई व्यवस्थित गर्न नसके निजी क्षेत्रले समेत आफ्नो क्षमता र उद्यमशीलताको प्रयोग गर्न नसक्ने खतरा रहन्छ । नेपाललाई विदेशी उत्पादनको बजार मात्र हुन नदिएर स्वदेशी उद्योग व्यवसायलाई फस्टाउने वातावरण बनाउन निजी क्षेत्र र सरकारबीच सहकार्य तथा केही हदसम्म सरकारले उद्योग र कृषि क्षेत्रको संरक्षण गर्नु आवश्यक छ ।

आप्रवासी नेपालीहरूको एउटा पङ्क्ति अब नेपालमा लगानी भित्र्याउन सक्ने अवस्थामा पुगेको छ । त्यसलाई सहज वातावरण उपलब्ध गराउने हो भने मध्यम खाले विद्युत परियोजनाहरू तथा निर्माण, प्रयोग र हस्तान्तरणको माध्यमबाट पूर्वाधार विकासमा समेत त्यसको प्रयोग हुन सक्छ ।

### *भूमि व्यवस्था*

> कुनै पनि कृषिमा आधारित समाजको मुख्य आर्थिक स्रोतको रूपमा रहने भूमिको वास्तविक जोताहाका रूपमा रहेका किसानहरू आफ्नो उत्पादनको प्रमुख हिस्सा भूमिमा कामै नगर्ने परजीवी समूहलाई बाँड्न बाध्य पारिन्छन् तथा जमिनबाट प्राप्त आम्दानी कृषिको उत्पादकत्व वृद्धिका लागि पुनर्लगानी गर्ने पूँजीका रूपमा उपलब्ध हुँदैन गरिबीको कहिल्यै नहट्ने चक्करमा फसिरहेका हुन्छन् (Regmi 1978: Preface to First Edition) ।

अर्थनीतिका सन्दर्भमा एउटा महत्त्वपूर्ण बहसको विषय भूमि व्यवस्थापनको पनि हो । कृषिमा रहेको सामन्ती उत्पादन सम्बन्धको समाप्ति यसको पहिलो सर्त हो । यो केवल भूमिको स्वामित्वसँग मात्र सरोकार राख्ने विषय होइन । बरू उत्पादनको तीव्र वृद्धि, खाद्य सुरक्षा र किसानहरूको भूमिमाथिको अधिकारको विषय हो । वैकल्पिक व्यवस्था नभएसम्म आमकिसान परिवारको जीविकाका सबै आधार नै भूमि हो । नेपालमा भूमिको स्वामित्वको अर्थ-सामाजिक प्रतिष्ठा तथा आर्थिक सुरक्षासँग जोडिएको छ ।

नेपालमा भूमिको स्वामित्वको आकारका आधारमा उत्पादनमा अल्पसङ्ख्यक जमिन्दारहरूको नियन्त्रण कायम रहेकोले उक्त वर्गको आर्थिक, सामाजिक तथा राजनीतिक प्रभुत्व कायम रहन गयो । फलतः आम किसान समुदाय शोषणको सिकार भएको भन्दै २००७ सालदेखि नै भूमिसुधारको नारा उठ्न थालेको हो । वीपी कोइरालाको सरकारले २०१६ सालमा र राजा महेन्द्रले २०२१ सालमा भूमि

व्यवस्थामा परिवर्तनको प्रयास गरेका थिए । तर राजनीतिक बेइमानीका कारण महेन्द्रको भूमि सुधारले किसानलाई सामन्ती उत्पादन सम्बन्धबाट मुक्त गरी जमिनको वा उत्पादनको मालिक बनाउन सकेन ।

जमिनको व्यापक खण्डीकरण र जमिनदारी-प्रथाको अन्त्यका बावजुद आजसम्म पनि कृषि क्षेत्र पछाडि परिरह्यो । आज पनि कृषि क्षेत्रमा सक्रिय श्रमशक्तिको ६६ प्रतिशत हिस्सा संलग्न छ । कुल राष्ट्रिय उत्पादनमा यसको योगदान ३६ प्रतिशतभन्दा कम छ । भूमिको वितरण पनि असमान छ (हेर्नोस् तालिका २.१) । कृषि पेशामा संलग्नहरूमध्ये २४.४४ प्रतिशत परिवारसँग जग्गा छैन । ६.९८ प्रतिशत अर्ध-सुकुमबासी छन् । २७.५९ प्रतिशत सीमान्त किसान छन् । अर्थात् तिनलाई आफ्नो जमिनको कमाइले आधा-वर्ष पनि खान पुग्दैन । साना किसान नै छन् २०.१५ प्रतिशत । अर्थात् ७९.१६ प्रतिशत किसानले आधुनिक परिवारका आवश्यकता पूरा गर्ने गरी आफ्नो पेशाबाट आम्दानी गर्न सक्दैनन् ।

**तालिका २.१ : जमिनको वितरणको स्थिति (प्रतिशतमा)**

| **वर्गीकरण** | **भूमिहीन किसान** | **अर्ध-भूमिहीन किसान (०.२० एकडसम्म)** | **सीमान्त किसान (०.२१–१ एकडसम्म)** | **साना किसान (१–२ एकडसम्म)** |
|---|---|---|---|---|
| आदिवासी/जनजाति | २०.०४ | १०.५९ | ३२.८४ | २०.२८ |
| तराई दलित | ४३.९८ | ९.८९ | २७.१९ | ११.३ |
| पहाडी दलित | १५.३२ | १५.२४ | ४४.५५ | १७.२७ |
| मुस्लिम | ४०.३७ | ६.३९ | १९.५४ | १३.१८ |
| नेपाल | २४.४४ | ६.९८ | २७.५९ | २०.१५ |

स्रोत : UNDP 2004 ।

दलित र मुस्लिम तथा जनजाति र महिलाका सामाजिक-आर्थिक अवस्थामा सुधार नआउनुको प्रमुख कारणका रूपमा पनि जग्गामाथिको स्वामित्वको न्यूनताले काम गरेको छ । सोही प्रतिवेदनअनुसार चार एकडभन्दा बढी जग्गा हुने जम्मा ७.४२ प्रतिशत मात्रै छन् । यस तथ्याङ्कले देखाउने अर्को पाटो के हो भने नेपालमा सामाजिक न्यायका दृष्टिले दलित, जनजाति, मुसलमान र महिलाको सशक्तीकरणका लागि समेत तिनीहरूलाई जग्गाको स्वामित्व दिलाउनु आवश्यक छ ।

कृषिको उत्पादकत्व वृद्धिको लागि आवश्यक मानिने रासायनिक मल र उन्नत बीउ-बिजनको प्रयोगको स्थिति पनि निराशाजनक छ । कृषि उत्पादनबाट हुने बचत सीमित धनी तथा ठूला किसानको खल्तिमा जाने भएकोले कृषि क्षेत्रको

पुनर्लगानीको दर पनि निकै कमजोर छ । २०३१/३२ सालमा १२,६५८ मेट्रिक टन रहेको रासायनिक मलको प्रयोग आ.व. २०४५/४६ सालमा ५६,८३९ मे. टन पुगेको थियो । तर मलमा दिइने अनुदान कटौती भएपछि आ.व. २०६२/६३ सालमा आउँदा ८,१३६ मे. टनमा झर्‍यो । त्यस्तै उन्नत बीउको प्रयोग २०३१/३२ सालमा १,९३४ मे. टन रहेकोमा यो २०४५/४६ सालमा २,०४८ मे. टन र आ.व. २०६२/६३ मा आउँदा २,७४९ मात्र छ । धानको प्रति हेक्टर औसत उत्पादन २.७८ मे. टन मात्र छ ।

यस तथ्याङ्कले के देखाउँछ भने नेपालको भूमि समस्याको समाधान जग्गाको पुनर्वितरण गरेर मात्रै हुनेछैन ।

नेकपा (माओवादी) तथा नेकपा (एमाले) लगायतका वामपन्थी दलहरूले क्रान्तिकारी भूमिसुधार, हदबन्दी तथा सहकारीका माध्यमबाट खेती प्रणालीसम्मका भूमि व्यवस्थाबारे घोषणपत्रमा उल्लेख गरेका छन् । विश्वमा जमिनसम्बन्धी विभिन्न प्रचलन कायम छन् । जेठो छोराले मात्र पैत्रिक सम्पत्ति पाउने वा जमिन सरकारको मानेर खास समयसम्म उत्पादनका लागि लिजमा लिने जस्ता प्रचलन पनि छन् । सन् १९४९ मा भएको जनवादी क्रान्तिपछि चीनमा पहिले जमिन किसानलाई वितरण गरियो, सामन्तवादलाई समाप्त पारियो । पछि छिटो छिटो सहकारी र कम्युन प्रणालीमा कृषिलाई रूपान्तरण गरियो । तर यसले पनि उत्पादकत्वमा ठूलो परिवर्तन नआएपछि सांस्कृतिक क्रान्तिकालमा नै सिंचुवान प्रान्तमा पार्टी सचिव रहेका चाउ च याङ्गले व्यक्तिगत उत्तरदायित्व प्रणाली लागू गरे । जसअन्तर्गत कम्युनको जमिन ठेक्कामा लिएर कुनै परिवारले राज्यलाई केही उत्पादन दिने र अतिरिक्त उत्पादन आफूखुसी गर्न पाउने भयो । यसले उत्पादनमा परिवारको लगनशीलता निकै बढेर गएको तथा उत्पादनमा निकै वृद्धि भएको पाएपछि देङ्ग सियाओ पिङ्गले चाउको नीति देशभर लागू मात्र गरेनन् चाउलाई प्रधानमन्त्री र पार्टी महासचिव नै बनाए । दक्षिण तथा पूर्वी एसियाका देशहरूमध्ये जापान, ताईवान, दक्षिण कोरिया, चीनजस्ता देशको आर्थिक उन्नति र भारतकै केरलामा प्राप्त भएको मानव विकासको स्तरलाई भूमिसुधारको परिणामका रूपमा लिइन्छ ।

नेपालमा पनि कृषि क्षेत्रको विकास र किसानहरूलाई सामाजिक न्यायसमेत प्रदान गर्ने गरी वर्तमान भूमि व्यवस्थापनमा परिवर्तन गर्नुपर्नेमा सबै सहमत भए पनि त्यसका मोडेलबारे विवाद कायमै छ । भूमिको हदबन्दी निर्धारण गरी अतिरिक्त जग्गा सरकारले निश्चित क्षतिपूर्तिका आधारमा अधिग्रहण गरी किसानलाई किस्तावन्दीमा बिक्री गर्ने, अधिक जमिन हुनेका लागि अधिकतम कर लागू गराई

जमिनको अतिरिक्त स्वामित्व हटाउने, सरकारले जग्गा लिएर निश्चित समयका लागि वा काम गरुञ्जेलका लागि किसानलाई दिने जस्ता प्रक्रियाहरू भूमिको पुनर्वितरणका लागि प्रयोगमा ल्याउन सकिन्छ ।

हामीकहाँ अनुपस्थित जमिनदारी, मोहियानी, गुठी र अलपत्र भूमिहीनका समस्या भूमि व्यवस्थामा छ । यस्तै सहरी क्षेत्रमा जग्गाजमिनलाई करको दायराभित्र ल्याउने प्रश्न पनि छ । त्यसैले समग्र भू-उपयोग नीति ल्याइनुपर्छ । र, यसो गर्दा जमिनमाथि किसानको अधिकारको नीतिमा आधारित भई क्रान्तिकारी भूमिसुधारको नीति तयार गरी लागू गर्नुपर्दछ । सहकारीका माध्यमबाट कृषिमा व्यापक मेसिनीकरण र आधुनिकीकरणतिर जानुपर्छ । सिँचाइ, कृषि औजार, रासायनिक मल, उन्नत बीउको वितरणमा सरकारले विशेष अनुदानको व्यवस्था गरेर कृषि बजारको प्रतिस्पर्धात्मक क्षमता बढाउनुपर्छ ।

- "जसले खेती गर्दैन त्यसको खेत पनि हुँदैन" भन्ने सिद्धान्तका आधारमा क्षतिपूर्तिको व्यवस्थासहित जमिनदारलाई आधुनिक उद्योग र व्यवसायमा लगानी गर्न प्रेरित गर्दै किसानलाई जग्गा उपलब्ध गराउने नीतिमार्फत भूमिको पुनर्वितरण गरिनुपर्छ ।
- सम्पत्तिको पुनर्वितरणका लागि सहरी घरजग्गा करको दर प्रगतिशील रूपमा निर्धारण गरी लागू गर्नुपर्छ ।
- यसैअन्तर्गत जङ्गल, खोलानाला र स्थानीय प्राकृतिक स्रोतमाथि स्थानीय सरकारमार्फत समुदायले भोगचलन गर्न पाउने व्यवस्थाको निश्चितता गरिनुपर्छ ।
- अन्तर्राष्ट्रिय बजारमा नेपालको कृषि क्षेत्रको उत्पादनलाई तुलनात्मक लाभ दिने अर्गानिक चिया, कफी, तरकारी र फलफूल, वनजन्य उत्पादन तथा प्रशोधित जडीबुटीको उत्पादनमा जोड दिइनु आवश्यक छ । कर्णाली क्षेत्रमा हालैका वर्षहरूमा यार्सागुम्बाले पारेको आर्थिक प्रभावलाई हेर्दा यो महत्त्वपूर्ण वैदेशिक मुद्रा आर्जनको स्रोत तथा कर्णाली प्रदेशका विकासका लागि प्रमुख आधार बन्नसक्ने देखिन्छ ।
- परम्परागत पशुपालन तथा लेकाली तथा हिमाली क्षेत्रको भेँडा-पालनसमेत निकै हदसम्म हराउँदै गएको छ । त्यसलाई व्यवस्थित गर्नेतिर ध्यान दिने तथा कृषिजन्य उद्योगसँग त्यसलाई गाँस्न सक्ने हो भने नेपालले निकै लाभ लिन सक्छ ।

- नेपालको पर्यटन विकाससँग कृषि क्षेत्रको बजार विस्तारलाई पनि समावेश गर्न सकिन्छ । होटल तथा रेष्टुरेण्टमा स्थानीय उत्पादन खपत गर्ने वातावरण बनाउन सक्दा मात्रै पनि यसले दिगो रोजगारी प्रदान गर्न सक्छ ।

*विकासका सम्भावना*

आर्थिक वृद्धि र सम्पन्नता विकासको परिणाम हो, विकास आर्थिक वृद्धिको पूर्वाधार हो, अनि आमजनता त्यसको साझेदार हुन् । प्रचलित विकास अवधारणामा यातायात, सिँचाइ, विद्युतीकरण, सञ्चारको व्यवस्था तथा स्वास्थ्य र दक्ष जनशक्तिको उत्पादनका काम पर्दछन् । यसरी सम्पूर्ण पूर्वाधार तयार भएपछि उद्योगको स्थापना, बजारमाथि कृषि क्षेत्रको तथा उपभोक्तासम्म आधुनिक क्षेत्रको पहुँच स्थापित हुन्छ । यसले रोजगारको सिर्जना गर्छ, उपभोग्य वस्तुको माग बढाउँछ । परिणाम समग्र आर्थिक क्रियाकलापमा सकारात्मक असर पर्छ र आर्थिक उन्नति हासिल हुन्छ । त्यसैले विकासका लागि सम्पूर्ण 'अक्षत' भित्री प्रदेशसम्म सडक, विद्युत, दूरसञ्चारको सञ्जाल पुऱ्याइनुपर्छ । हामीकहाँ यसका लागि वातावरणीय दृष्टिले उपयुक्त र टिकाउ परियोजनाको निर्माण सम्भव छ । उदाहरणका लागि पूर्व-पश्चिम तराई जोड्ने गरी समानान्तर रेलवे र नहरको तत्काल निर्माण थाल्न सकिन्छ । मध्य पहाडलाई पनि मुख्य सहरसँग जोड्ने अवधारणामा रही सबै जिल्ला सदरमुकामलाई सडक सञ्जालमा ल्याउने अनि मध्यम तथा साना विद्युत परियोजनामा समुदाय, निजी क्षेत्र र सरकारको लगानीबाट स्रोत परिचालन गरी पाँच-सात वर्षमा विद्युतको आधारभूत आवश्यकता पूर्ति गर्न सकिन्छ । विद्युत उत्पादनमा वृद्धिको पहिलो लक्ष्य समग्र देशको विद्युतीकरण हुनुपर्छ । त्यसपछि मात्र निर्यातका लागि उत्पादन गर्न थाल्नुपर्छ । यस्ता परियोजना राष्ट्रिय अभियानका रूपमा राष्ट्रको प्रतिष्ठासँग गाँसेर व्यापक जनपरिचालन गरेर सम्पन्न गरिनुपर्छ ।

पर्यटन क्षेत्रको विकासका लागि सामान्य पूर्वाधार निर्माण भइसकेको भए पनि रारा र फोक्सुण्डो ताल तथा माछापुच्छ्रे हिमालजस्ता धेरै क्षेत्र पूर्वाधारको अभाव र नीतिगत अन्योलका कारण अझै पर्यटकको पहुँचभित्र परेका छैनन् । ढोरपाटनको शिकार पर्यटन अझै पर्याप्त खुलेको छैन । त्यस्ता क्षेत्र र स्थानहरू थुप्रै छन् । पर्यटनको विकासलाई विदेशी नागरिकतिर मात्र लक्षित गरेर हुँदैन आन्तरिक पर्यटनलाई पनि प्रोत्साहन गरिनुपर्छ ।

अर्कातिर पर्यटन क्षेत्रको विकासमा ध्यान दिइनुपर्ने मुख्य पक्ष भनेको त्यसबाट आर्जन हुने आय कसरी अधिकतम बनाउन सकिन्छ भन्ने नै हो ।

पर्यटकको सङ्ख्या बढेर मात्रै पुग्दैन। उनीहरूको नेपाल बसाइँ लम्ब्याउने, प्रतिव्यक्ति प्रतिदिन खर्च कसरी बढाउने भन्नेतिर पनि सोचिनुपर्छ। यस कामका लागि सकारात्मक प्रोत्साहन, भौतिक पूर्वाधार तथा दक्ष जनशक्तिको विकास जस्ता काममा जोड दिएर सरकारले योजनाबद्ध काम गर्ने र निजी क्षेत्रलाई सहभागी बनाउने योजना अवलम्बन गरिनुपर्छ।

नेपालले पर्यटन क्षेत्रको अनुभव पश्चिमा पर्वतारोही र हिप्पीहरूको आगमनबाट सँगालेको हो। त्यसैले अहिले पनि हाम्रो पर्यटन क्षेत्रको मुख्य ध्यान युरोप, अमेरिका तथा जापानतिर जान्छ। तर यति बेला भारत र चीनमा वर्षेनी लाखौँ परिवार मध्यम वर्गमा उक्लिरहेका छन्। खानपिन, संस्कार पनि समान भएका तथा हिन्दू र बौद्ध धर्ममा आस्था राख्ने भएकोले तिनका लागि नेपालको यात्रामा आकर्षण पनि छ। नजिकको यात्रा पनि हुने भएकाले त्यो जनसङ्ख्याको एउटा हिस्सालाई आकर्षण गर्न सक्दा पनि नेपालले यस क्षेत्रबाट अधिकतम लाभ लिनसक्छ।

यस्ता विकासका सबै पक्षलाई सार्वजनिक सरोकारको विषय बनाई आमसरोकारवाला नागरिकहरूलाई निर्णय प्रक्रियामा प्रत्यक्ष रूपमा सहभागी बनाउने र त्यसका लागि आवश्यक परेमा जनमत सङ्ग्रहमा जाने व्यवस्था गरिनुपर्छ। विकासले वातावरणीय विनाश र अति उपभोगवादी स्वरूप लिनु हुन्न।

नेपालले आर्थिकवृद्धिबारे कुरा गरिरहँदा हाम्रा प्राथमिकताका क्षेत्र तथा तुलनात्मक लाभका क्षेत्रबारे प्रस्ट हुनैपर्छ। आजसम्मका सम्भावनालाई हेर्दा जलस्रोत तथा पर्यटनमा जोड दिनुपर्ने देखिन्छ भने कृषिमा आधारित उद्योगहरू हाम्रा लागि सबैभन्दा लाभकारी क्षेत्र बन्न सक्छन्। यसका साथै देशमा उपलब्ध वनजन्य उत्पादन र जडीबुटीको प्रशोधन गर्ने र त्यसको मूल्य अभिवृद्धिबाट प्राप्त आम्दानी सङ्कलकसम्म पुग्ने गरी उद्योगहरू सञ्चालन गर्ने नीति बनाउनु पर्छ।

नेपालको विकासको मोडेल अरू देशसँग ठ्याक्कै मिल्छ जस्तो लाग्दैन र मिल्नुपर्छ भन्ने पनि छैन। जसरी राजनीतिमा हाम्रा विशेषता अनुरूप हामी राज्यको पुनर्संरचनाको कुरा गर्दैछौँ त्यसरी नै विकासको मोडेल पनि हामी आफैँले तयार पार्ने हो। हामीलाई हतारो त छ तर सिक्नका लागि अरू देशका सफलता र असफलताका अनगिन्ती कथा हाम्रा सामु छन्। आफ्ना प्राकृतिक स्रोत तथा उपलब्ध श्रमशक्ति तथा परिचालन गर्न सकिने पूँजीको गणना गरेर आम सहमतिका आधारमा राष्ट्रव्यापी विकासको लहर सिर्जना गरेर मात्रै हामी इतिहासले खाली राखेको ठाउँ भर्न सक्छौँ। जनतालाई केन्द्रमा राखेर तिनलाई

विश्वासमा लिएर योजनाहरूको निर्माण र सञ्चालन गर्न सकियो भने मात्रै पनि धेरै उपलब्धि हासिल हुनेछ ।

नेपालका दुईतिर हात्ती र ड्रागनको नाममा विश्व अर्थतन्त्रमा उदियमान आर्थिक शक्तिहरू छन् । नेपालले अबको रणनीति तयार पार्दा यी दुई देशको अर्थतन्त्रका चरित्र र सम्भावनामाथि विचार पुऱ्याउनै पर्छ । भारत र चीनका बजारमा नेपालले बेच्न सक्ने उत्पादनहरूको पहिचान गरी सोही अनुरूप आफ्ना आर्थिक रणनीतिहरूमा परिमार्जन गर्नै पर्छ । भारतसँगका परम्परागत समस्याको समाधान गरी सम्बन्धलाई समानता र आपसी हितमा आधारित रहेर पुनःपरिभाषित गर्ने तथा अविश्वासका क्षेत्रहरू हटाउने दृढ इच्छाशक्ति भयो भने नेपालले मन अमिलो नपारी दुवै ठूला छिमेकीको बीचमा रहनुलाई अभिशाप होइन वरदानमा बदल्न सक्छ ।

### *वैदेशिक सहायता, ऋण र लगानी*

> विदेशी राजदूतहरू हाम्रा मन्त्रीहरू झैँ हाम्रो भूमिमा बन्ने योजनाहरूको शिलान्यास गर्दै हिँड्छन् । विदेशीहरू दूतावास तथा होटेलहरूमा बैठक, सम्मेलन, सेमिनार, आदिको आयोजना गर्छन् । तिनमा भाग लिन योजना र नीति निर्माणका महत्त्वपूर्ण तहमा रहेका सरकारी पदाधिकारीहरू पुग्छन् । पहिले विदेशीहरू हाम्रा सरकारका पदाधिकारीहरूको सल्लाहकार हुन्थे । अब मानौँ हाम्रा पदाधिकारीहरू विदेशीका सल्लाहकारमा परिणत भएका छन् । सञ्चारमाध्यममा निरन्तर रूपले आउने विदेशीहरूबारेका समाचार, तिनका क्रियाकलाप, अर्ती-उपदेश, आदि पढ्दा लाग्छ, सार्वभौम भएका जनतामाथि शासन चलाउने अवसर पाएका शासक वर्ग आफैँ सार्वभौम छैनन्, स्वायत्त चिन्तन गर्न ती स्वतन्त्र छैनन् (पाण्डे सन् २००८ : लेखकीय) ।

त्यस्तै गैरसरकारी क्षेत्र वैदेशिक सहयोगले धानेको उद्योग भइसक्यो । तर त्यसको नियमन तथा अनुगमन सरकारको पहुँच र पकडभन्दा बाहिर छ । देशको लगभग सबै भाग ओगटेको यस उद्योगलाई कसरी उत्पादनमुखी क्षेत्रमा परिचालन गर्ने तथा त्यसका कामहरूलाई कसरी केही सीमित व्यक्तिको निजी आर्थिक लाभको स्रोत बन्नबाट जोगाउँदै समग्र विकास प्रयासमा सहयोगी हुने गरी समुदायका पहलहरूसँग एकाकार गर्ने प्रश्न टड्कारो छ । समानान्तर सरकारको रूपमा यस्ता संस्थाहरूलाई विकास गर्ने दातामुखी दृष्टिकोणबाट यसलाई मुक्त गरिनुपर्छ ।

दोस्रो विश्वयुद्धपछि चुलिएको शीत युद्धका बेलादेखि तेस्रो विश्वका देशमा द्वि-पक्षीय तथा बहुपक्षीय सहायतमा ह्वात्तै बढोत्तरी भएको हो । सुरुमा रणनीतिक स्वार्थका लागि सहयोग रकम दिएर ती देशको सरकारको समर्थन खरिद गर्ने शक्ति राष्ट्रहरूले पछि विस्तारै पराश्रित बन्दै गएका गरिब देशका धनी सरकारलाई बाध्य पारेर ऋण दिन वा लिन लगाउन थाले । नेपालमा वैदेशिक सहायताको क्रम पनि अमेरिकी विकास नियोगमार्फत भित्रिएको थियो । तर विस्तारै नेपालको विकास बजेटको ठूलो हिस्सामा वैदेशिक सहायता र पछि गएर ऋणले प्रभुत्व देखाउन थाल्यो । हुँदा हुँदा गाउँघरका चर्पी बनाउनेदेखि प्रधानमन्त्रीको कार्यालय सजाउनेसम्मका काममा वैदेशिक सहयोग र ऋणले काम गर्न थाल्यो । एकसमय त यस्तो आयो कि राजनीतिक दलहरूमा कसले कति विदेशी ऋण ल्याउन सक्छ त्यसको आधारमा जनतासँग आफ्ना सर्वोच्चता प्रमाणित गर्ने होड नै चल्यो । परिणामतः देशको नेतृत्व आफ्नो स्वभिमान गुमाउन र विदेशीको दलाली गर्नमा समय खर्च गर्न थाल्यो । सर्त दाताको, छनोट दाताको, आदेश दाताको, ऋणको बोझ भने नेपालीको थाप्लोमा । मध्य मर्स्याङ्दी, काली गण्डकी तथा मेलम्चीलगायतका योजनाको हविगत हेर्दा थाहा हुन्छ वैदेशिक लगानी, सहयोग र ऋणबाट सञ्चालित परियोजनाको हाल ।

हाम्रो आफ्नै आन्तरिक स्रोतले 'विकासे' आवश्यकता पूरा गर्न सक्षम नहोउन्जेल द्वि-पक्षीय तथा बहुपक्षीय वैदेशिक ऋण लिन सकिन्छ । यथार्थमा ऋणको प्रयोग उत्पादनका क्षेत्रमा, उच्च प्रतिफल दिने क्षेत्रमा भयो भने मात्र यसको उपयोगिता रहन्छ । तर ऋण, सहायता तथा लगानीका क्षेत्रहरूको छनोट, प्राथमिकता क्षेत्र निर्धारण र अनुगमन सरकारले नै गर्नुपर्छ । कुनै पनि सर्तमा दाताहरू हावी हुने अथवा हाम्रा योजनाको छनोट र समग्र राज्यका नीतिहरूमा दाताहरूको हस्तक्षेप हुने संस्कृतिमाथि रोक लगाइनु पर्दछ । जुनसुकै सर्तमा पनि २० वर्षभित्र आत्मनिर्भर भई बाह्य सहायता र ऋणबाट पूरै मुक्त हुने कार्यक्रम र योजना सरकारसँग हुनुपर्छ ।

निजी क्षेत्रको वैदेशिक लगानी भने आवश्यक छ । साथै विश्वव्यापीकरणको प्रक्रियाबाट पन्छिन पनि सकिन्न । तर वैदेशिक लगानीको क्षेत्र र त्यसको सीमा भने तोकिनुपर्छ । जस्तो, पर्यटन क्षेत्रमा पाँचतारे होटलभन्दा तल नेपालीलाई विशेष सहुलियत उपलब्ध गराइनुपर्छ । ठूला विद्युत परियोजनाजस्ता क्षेत्रमा वैदेशिक लगानी भित्र्याउन सकिन्छ । तर खानेपानी, स्वास्थ्य सेवाजस्ता आधारभूत सेवाका क्षेत्रमा निजी वैदेशिक लगानीलाई पूरै रोक लगाइनुपर्छ ।

यस्तो लगानीले नेपाली निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने, आधुनिक प्रविधि र दक्षता भित्र्याउने तथा प्राप्त मुनाफाको निश्चित प्रतिशत नेपालमा नै पूर्ण लगानी गर्ने क्षेत्र खोजिनुपर्छ । बाह्य सहायता, ऋण र लगानीका क्षेत्रहरू नेपाल सरकारले तोकेका सीमा, प्राथमिकता र सर्तअनुसार मात्र हुने कुरा सुनिश्चित गर्नुपर्छ ।

नेपाल पूर्ण पूँजीवादी क्रान्तितिर अग्रसर छ । अबको व्यवस्था परम्परागत पूँजीवादी मोडेलको नभई नेपाली चरित्रको नयाँ र उच्चस्तरको लोकतान्त्रिक मूल्यमान्यता सहितको बनाइनेतर्फ जोड हुनुपर्छ । गएको २५ वर्षमा विश्व राजनीतिमा आएका फेरबदलको आँकलन गरी वामपन्थी वा *र्‍याडिकल डेमोक्रेटिक* आर्थिक नीतिलाई नै पुनर्संरचनाको क्रममा थप बल दिनुपर्छ ।

यी आधारभूत, अति सामान्यकृत र साना विषय हुन् । सबैले भन्दै आएको जस्तो लाग्ने यी प्रस्तावलाई राज्यले सिद्धान्त र नीतिका क्षेत्रमा लागू गर्नसक्दा सामाजिक न्यायसहतिको लोकतन्त्र स्थापना हुन सक्छ, आत्मनिर्भर अर्थतन्त्र बन्न सक्छ, वर्गीय असमानता घट्न सक्छ ।

## आर्थिक दृष्टिले सङ्घीयता

राज्यको पुनर्संरचनाको महत्त्वपूर्ण पाटो सङ्घीय स्वरूपको ढाँचा कायम गर्नु हुनेछ । लामो समयदेखि नेपालका विभिन्न जनजाति, मधेसी र कर्णालीलगायतका क्षेत्रले काठमाडौँ केन्द्रित शासनले आफ्नो स्वतन्त्र भाषिक-सांस्कृतिक पहिचान समाप्त गरेको, विकासका प्रतिफलमाथि समान पहुँच स्थापना नभएको र केन्द्रीय शासनमा खस जाति र सांस्कृतिक समूहको हालीमुहाली भएको जस्ता सवाल उठाउँदै आएका थिए । जनयुद्धकालमा नेकपा (माओवादी) ले सङ्घीय संरचनाको सिद्धान्त र परिकल्पना अगाडि सार्‍यो । उसले जातीय तथा क्षेत्रीय अवस्थितिका ऐतिहासिक, जनसाङ्ख्यिक र भौगोलिक आधारसहित सङ्घीय संरचनाहरू निर्माण गर्‍यो । माओवादीले संविधानसभा निर्वाचनका लागि प्रस्तुत गरेको प्रतिबद्धता पत्रमा समेत प्रस्टसँग खुल्ने गरी क्षेत्रीय र जातीय आधारमा सेती-महाकाली, भेरी-कर्णाली, मगरात, थारूवान, तमुवान, नेवाः, ताम्सालिङ, किरात, लिम्बुवान, कोचिला र मधेस (जसलाई भाषिक आधारमा भोजपुरा, मिथिला र अवध गरी तीन उपराज्यमा विभाजन गर्ने प्रस्ताव छ) गरी ११ ओटा सङ्घको प्रस्ताव गरेको छ ।[२]

---

[२] त्यसबारे विस्तृत जानकारीको लागि हेर्नुहोस् यसै पुस्तकमा कृष्ण खनालको लेख ।

गैरमाओवादी ठूला दलहरूले जातीय आधारमा क्षेत्रहरूको विभाजन गर्ने अवधारणालाई अस्वीकार गर्छन् । संविधानसभाको निर्वाचनमा चौथो र पाँचौँ दल बनेको मजफो र तमलोपाले (साथै सद्भावना पार्टी) ले समग्र मधेस एक प्रदेशको मुद्दा उठाएका छन् । जातीय आधारमा सङ्घ वा प्रदेशको विभाजनले देश टुक्राउँछ भन्नेदेखि त्यसो नगरिए देश विभाजित हुन्छ भन्नेसम्म छन् । क्षेत्रीय योजनाविद् पीताम्बर शर्मा भने सङ्घ निर्माणको एउटा आधार मात्र जातीय तथा सांस्कृतिक पहिचान बन्न सक्ने तर क्षेत्रको आर्थिक विकास, समानता तथा शक्तिको विकेन्द्रीकणरलाई पनि समान आधार मान्नुपर्छ भन्ने मत राख्छन् (Sharma 2008) । केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहका सरकार गठन हुने मामिलामा भने सबै पार्टी, दबाब समूहहरू र मत निर्माण गर्ने बौद्धिकहरूमा मतैक्य पाइन्छ । जेहोस् देश संवैधानिक हिसाबले सङ्घीयतामा गइसकेको छ । विश्वव्यापी मान्यताअनुसार सङ्घहरूको गठनको एउटा प्रमुख सिद्धान्त सम्बन्धित क्षेत्रको आर्थिक विकासमा स्थानीय जनताकै नियन्त्रण र स्वामित्व स्थापित गर्नु हो । त्यसो गर्दा केन्द्र र स्थानीय तहबीच अधिकार र कार्यक्षेत्रहरूको प्रस्ट विभाजन हुन्छ । साथसाथै क्षेत्रीय तहमा सरकार गठन गर्ने, स्थानीय निकाय पनि बनाउने तर त्यस्ता क्षेत्रको विकास र जनताले राज्यबाट प्राप्त गर्नुपर्ने सेवा प्रदान गर्न आवश्यक स्रोतको व्यवस्था नहुने हो भने यो झन् जटिल बन्नसक्ने खतरा रहन्छ । त्यसैले वित्तीय सङ्घीयताबारे प्रस्ट अवधारणा नबनाइकन सङ्घीयतामा जाँदा झन् समस्यामा फस्न सक्ने खतरा रहन्छ ।

### *आर्थिक सङ्घीयताका केही पक्षहरू*

सङ्घहरू निर्माण गर्दा पहिचानका लागि भइरहेका माग र दबाबलाई केन्द्रमा राखे पनि त्यस्तो सङ्घको निर्माणपछिका आर्थिक सम्भावनालाई पर्याप्त ध्यान दिनु जरुरी हुन्छ । नेपालको भू-बनोट र यहाँ उपलब्ध खेतीयोग्य भूमि, वनजङ्गल, नदीनाला, खनिज सम्पदा, पर्यटन तथा औद्योगिक विकासका सम्भावना, बाह्य व्यापारको सम्भावना, जडीबुटीजस्ता प्राकृतिक स्रोतहरूको वितरण समान छैन । त्यस्तै आजसम्मको विकास काठमाडौँ, तराई र सहर केन्द्रित छ । एउटा गाउँबाट जिल्लाको केन्द्र, जिल्ला केन्द्रबाट क्षेत्रीय र प्रादेशिक केन्द्रबीच वस्तु तथा सेवाहरूको आदानप्रदान, शिक्षा, स्वास्थ्य तथा सांस्कृतिक सुविधाहरूको उपलब्धताका सम्भावना, केन्द्र र उपकेन्द्रबीचको यातायात सञ्जाल, जनसाङ्ख्यिक बनोट र सांस्कृतिक एकताका सम्भावनासमेत नहेरी क्षेत्रहरूको विभाजन गर्दा झन् समस्या उत्पन्न हुन सक्छ । त्यसैले जसरी एकल तराई प्रदेश बन्न अप्ठेरो

छ, त्यसभन्दा बढी भोटे परिवारले माग गरेको हिमाली प्रदेशको निर्माण अप्ठेरो देखिन्छ । आर्थिक रूपले कमजोर सम्भावना भएका इलाकालाई प्रदेश वा सङ्घमा राख्दा त्यसले खास गरी आर्थिक विकासका लागि केन्द्रसँग निर्भर रहनुपर्छ, जसले गर्दा उक्त प्रान्त केन्द्रीय राजनीतिप्रति आश्रित हुन गई आत्मनिर्णयको अधिकार वा स्वशासनको अभ्यास गर्न असफल हुन पुग्छ ।

यस्तो समस्या नदीनालाको बहावको प्रकृतिका कारण पहाड र तराईबीच पनि उत्पन्न हुन सक्छ । नेपालका सबै मुख्य नदी प्रणालीहरूको जलाधार क्षेत्र हिमाल र पहाडमा छन् र ती सबै तराईलाई चिरेर दक्षिणतिर बग्छन् । तराईले नदीको पानी सिँचाइ वा जलविद्युत उत्पादनका लागि प्रयोग गर्न समेत पहाडको स्वीकृति र समर्थन लिनुपर्ने हुन जान्छ । किनभने पहाडका बेसीहरू नडुबाई बाँध बाँध्न र नदीको बहाव बदल्न सम्भव हुन्न । जमिनको उत्पादकत्व नबढाई खास गरी मध्य तराई र पश्चिम तराईको जीवनस्तर उकास्न र आर्थिक वृद्धि गर्न असम्भव नै हुन्छ । यावत् कारणले नेपालको सङ्घीयता बढी अन्तर्निर्भर प्रकृतिको हुने देखिन्छ ।

सङ्घहरू निर्माण गर्ने क्रममा मानव विकास सूचकाङ्कलाई समेत आधार बनाउनु आवश्यक छ । आर्थिक विकासका लागि मानवीय तथा सामाजिक पूँजी तथा प्राकृतिक स्रोतहरूको उपलब्धतासँगै त्यसको उपयोगको सम्भावनाहरू पनि केलाउनु आवश्यक छ । पछिल्लो पटक युएनडीपीले सन् २००४ मा सार्वजनिक गरेको मानव विकास प्रतिवेदनले जिल्लागत असमानताको स्थिति देखाएको छ (हेर्नोस् तालिका २.२) ।

श्रेणी विभाजनमा राप्ती, कर्णाली, सेती र महाकाली अञ्चलका पहाडी जिल्लाहरू सबैभन्दा कमजोर अवस्थामा देखिएका छन् । त्यसपछि मध्य तथा पश्चिम तराईका जिल्लाहरू पर्दछन् । यहीँनेर ध्यान दिनुपर्ने पक्ष के छ भने माओवादी जनयुद्ध र पछिको मधेस आन्दोलनमा ती क्षेत्रहरू सबैभन्दा धेरै प्रभावित थिए ।

औसत आयु, साक्षरता दर, विद्यार्थीले विद्यालयमा बिताउने वर्ष, प्रतिव्यक्ति आय, आदिलाई आधार बनाएर मानव विकास सूचक तयार पारिएको.छ । नेपालका ७५ जिल्लामध्ये उक्त अध्ययनले गरेको श्रेणी विभाजनमा आधा जिल्लालाई छाडेर उन्चालिसौँ नम्बरदेखिको स्थिति तालिकामा देखाइएको छ ।

सूचकाङ्कमा मनाङ र मुस्ताङबाहेकका सबै हिमाली जिल्लाहरू औसत मूल्य (value) १०० भन्दा तल पर्छन् । साथै अर्घाखाँची, सिन्धुली, गुल्मी, ताप्लेजुङ, बारा र नुवाकोटको पनि १०० भन्दा तल रहेको छ ।

**तालिका २.२ : जिल्लागत मानव विकास सूचकाङ्क**

| | | | | | |
|---|---|---|---|---|---|
| **कर्णालीका जिल्लाहरू** | | | | | |
| डोल्पा | ६७ | हुम्ला | ६८ | जुम्ला | ७० |
| कालीकोट | ७३ | मुगु | ७५ | | |
| **मध्य तथा सुदूर पश्चिमको पहाडी क्षेत्र** | | | | | |
| डडेल्धुरा | ४९ | दार्चुला | ५२ | प्यूठान | ५३ |
| डोटी | ६० | सल्यान | ६१ | बैतडी | ६३ |
| रुकुम | ६४ | रोल्पा | ६५ | दैलेख | ६६ |
| अछाम | ६९ | जाजरकोट | ७१ | बझाङ | ७२ |
| बाजुरा | ७४ | | | | |
| **तराईका जिल्लाहरू** | | | | | |
| कञ्चनपुर | ३९ | सप्तरी | ४१ | धनुषा | ४३ |
| पर्सा | ४४ | कैलाली | ४६ | कपिलवस्तु | ४७ |
| बर्दिया | ५० | सिरहा | ५१ | रौतहट | ५६ |
| दाङ | ५७ | सर्लाही | ५८ | महोत्तरी | ५९ |

स्रोत : UNDP 2004 ।

पछिल्लो जीवनस्तर सर्वेले नेपालको निरपेक्ष गरिबी ३१.८ प्रतिशतमा झरेको देखाए पनि त्यसले दलित, जनजाति, कर्णालीमा गरिबीको सङ्ख्यात्मक सङ्कुचन उल्लेख्य रहेको देखाउँदैन । त्यस्तै ५६ ओटा जिल्लाको त्यस्तो मापनको गरिबी ३१ देखि माथि तथा १३ जिल्लाको ५१ देखि माथि रहेको देखाउँछ । त्यसैले खास खास सहरी इलाकाको उकासिएको जीवनस्तर र थुप्रिएको धनलाई आधार मानेर औसतमा घटेको गरिबीले देशको समग्र प्रतिनिधित्व गर्दैन । सम्पन्न र विपन्न क्षेत्रबीच सन्तुलन ल्याउन हस्तक्षेपकारी वा सकारात्मक विभेद जस्तो नीति अँगाल्नु जरुरी छ ।

नेपालको सङ्घीयता स्वतन्त्र सङ्घहरूभन्दा अन्तर्निर्भर र सङ्घहरूको सिद्धान्तका आधारमा निर्माण गर्नुपर्ने देखिन्छ । पहिचानविनाको सङ्घीयताको खास अर्थ नभएझैँ आर्थिक सम्भाव्यताविनाको सङ्घीयताको पनि अर्थ रहन्न । नेपालको सङ्घीयताको स्वरूप केन्द्रलाई भत्काएर निर्माण गर्न लागिएका र इतिहासदेखि अलग राष्ट्रियता र पहिचान भएका एकाइहरूको स्वतन्त्र विकास भई त्यसको सङ्घ बन्न लागेको नभएकाले तथा राज्य बन्न चाहिने सम्पूर्ण आधारभूत पक्षहरू कसैसँग पनि विकास नभएका सङ्घहरू बन्ने भएकाले यो अलि जटिल प्रकृतिको हुनेछ । यसका लागि शक्ति र अधिकारको वितरण कसरी गर्ने, स्रोतहरूको बाँडफाँट कसरी गर्ने, आम्दानीको बाँडफाँट कसरी गर्ने, र सम्पन्न

र विपन्न सङ्घहरूबीच केन्द्रले कसरी सन्तुलन कायम गराउने भन्ने विषय महत्त्वपूर्ण रहन्छन् ।

मानव विकास सूचकाङ्कमा पछाडि रहेका सुदूर तथा मध्यपश्चिमका पहाड, हिमाल तथा तराईका विभिन्न जिल्लाहरू र स्रोत तथा उपभोग दुवै दृष्टिले सम्पन्न क्षेत्रहरूबीच सरकारले सन्तुलन मिलाउन सक्ने अधिकार केन्द्रमा हुनुपर्छ ।

स्थानीय सरकार र राज्य वा प्रदेशका सरकारका तोकिएका आफ्ना क्षेत्रको विकास र जनतालाई प्रदान गरिने सेवाका क्षेत्र निश्चित गरिएजस्तै तिनका लागि आम्दानीका स्रोतहरू- कर, केन्द्रीय सरकारका अनुदान र ती सरकारले लिनसक्ने ऋणका दायराबारे प्रस्ट दृष्टिकोण बनाउनु आवश्यक हुन्छ ।

अन्य देशका सङ्घीय सरकारका अनुभवका आधारमा केन्द्र र राज्य वा स्थानीय सरकारहरूबीच कार्य क्षेत्रको बाँडफाँटका सम्बन्धमा नेपालका सबैजसो दलले समान अवधारणाका आधारमा प्रस्ताव गरेका छन् । तिनले केन्द्रीय सरकार र प्रान्तीय वा स्थानीय स्वायत्त सरकारबीच कार्य क्षेत्र विभाजन गर्दा राष्ट्रिय सुरक्षा, वैदेशिक सम्बन्ध, मौद्रिक नीति तथा केन्द्रीय बैङ्किङ, केन्द्रीय विश्वविद्यालय, भन्सार, अन्तर्राज्य व्यापार, राष्ट्रिय स्तरका राजमार्ग तथा जल विद्युत्लगायतका ठूला परियोजनालाई केन्द्रीय सरकारअन्तर्गत राख्ने प्रस्ताव गरेका छन् ।

शिक्षा, स्वास्थ्य, स्थानीय कर, यातायातजस्ता काम स्थानीय तहमा नै गर्ने तथा स्थानीय प्राकृतिक स्रोत तथा साधनमाथि स्थानीय वा प्रान्तीय सरकारकै स्वामित्व रहने प्रस्ताव छ । त्यसैले नयाँ संविधान बनाउँदा नै अधिकार र दायित्वका क्षेत्रहरू किटानी साथ वा क्षेत्राधिकारमाथि विवाद उत्पन्न नहुने गरी व्यवस्था गरिनु चुनौती टड्कारो रहन्छ ।

भारतमा केन्द्रीय स्तरमा एउटा कमिसन बनाउने गरिन्छ । सो कमिसनले केन्द्र सरकारको कोषबाट प्रान्तहरूलाई दिने अनुदानमा समानता र न्यायको सिद्धान्तअनुसार काम गर्ने गरी सरकारलाई निर्देशन दिने गर्छ । हामी कहाँ पनि सम्पन्न र विपन्न क्षेत्र छन्, पूर्वाधार भएका र नभएका क्षेत्र छन्, मानवीय पूँजी र बजार संयन्त्र राम्रो भएका र नभएका क्षेत्र छन्, कर बढी उठ्ने र नउठ्ने क्षेत्र छन्, जसका बीचमा सन्तुलन कायम गर्न समेत केन्द्रीय स्तरमा शक्तिशाली स्वतन्त्र आयोग बन्नु आवश्यक हुन्छ, जसले राज्य कोषको वितरणमा समान पहुँच स्थापित गरोस् ।

अर्को कुरा भारतकै अनुभव के छ भने भूमिसुधार लागू भएका र नभएका प्रदेशहरूबीच आर्थिक तथा मानवीय विकासका सूचकहरूमा ठूलो अन्तर छ ।

पञ्जाब र केरलाभन्दा उत्तर प्रदेश, बिहार र उडिसा पछाडि पर्नुको प्रमुख कारण त्यसैलाई मानिन्छ । त्यसै कारण नेपालमा भूमि व्यवस्थाको मामिलामा संवैधानिक व्यवस्था लागू हुने अनिवार्यता सबै राज्य वा प्रान्त स्तरका सरकारमा लागू गरिनुपर्छ । एउटा सीमित सङ्ख्याको उच्च वर्गको स्वार्थमा आमकिसान वा कृषि क्षेत्रकै समग्र उन्नतिलाई बन्धक राख्ने अवस्था आउन दिनु हुन्न ।

जनता जति जति अधिकार सम्पन्न हुन्छन् तथा राज्य जति जति जनताका नजिक पुग्दै जान्छ त्यत्ति त्यत्ति नै आफ्ना अधिकार रक्षाका लागि वा आफ्ना पक्षमा सरकारी निर्णयहरू गराउनका लागि जनता जागरुक र सक्षम बन्ने हुँदा पूर्ण स्वायत्त क्षेत्रीय सरकारहरूको निर्माण सकारात्मक मानिएको हो ।

## उपसंहार

नेपालले अहिले अनुभव गरिरहेको परिवर्तनको हुट्हुटी, पुराना संस्था तथा मूल्यप्रणालीमा तीव्र विघटन तथा असन्तुष्टि र विरोधका नथामिएका शृङ्खलाहरू इतिहासले यो समयलाई छोडेर गएका अर्थ-सामाजिक अन्तर्विरोधका उपज नै हुन् । समाजका अन्तर्यमा रहेका द्वन्द्वहरू समयमा पहिचान गरेर तिनको समाधानका नियमहरू पत्ता लगाउने र समाजलाई सहज रूपान्तरणको एउटा प्रक्रियामा लैजाने काम नेतृत्वको हो । नेतृत्व नै यस मामिलामा असफल तथा अदूरदर्शी भयो वा उसले आफ्नै वर्ग स्वार्थको रक्षाका लागि समेत आवश्यक पर्ने सकारात्मक परिवर्तनको बाटो अवलम्बन गरेन भने विरोधहरूले हिंसात्मक र अराजक रूप लिने गर्छन् । हामी त्यही समय चक्रमा छौँ । यस असहज परिस्थितिको निर्माण र विस्तारका लागि वर्तमानमा हस्तक्षेपकारी भूमिका खेलिरहेको विश्वयीकृत पूँजीवादका आमचरित्रहरू, त्यसलाई नेतृत्व प्रदान गर्ने अमेरिकी धुरीको विश्व व्यवस्था र नेपालको भू-राजनीतिक अवस्थितिले पनि प्रत्यक्ष-अप्रत्यक्ष भूमिका खेलिआएका छन् ।

चलिआएको सामाजिक-आर्थिक प्रणाली र त्यसमाथि रहेका राज्यका नीतिहरूले जीवन धान्नै नसकेपछि आमजनताले विद्रोह र आन्दोलनको बाटो लिन्छन् । आर्थिक चरित्रमा आउने परिमाणात्मक परिवर्तनले छिटो छोएको वर्ग, नेपालका सन्दर्भमा नवोदित बुर्जुवा तथा मजदुर वर्गले राष्ट्रिय राजनीति र जीविकाका स्रोतमाथि आफ्नो हिस्सेदारी खोजेपछि पछिल्ला हिंसात्मक विद्रोह र आन्दोलनको विकास भएको हो । यसै क्रममा त्यो वर्गले आफ्ना स्वार्थ र नारामा व्यापक ग्रामीण इलाकामा फैलिएको वर्गीय, सामाजिक तथा सांस्कृतिक उत्पीडनमा परेका किसान, दलित, महिला र उत्पीडित जाति तथा क्षेत्रका जनतालाई आफ्नो

साथमा लियो । वर्गीय तथा पहिचानवादी राजनीतिले एकैपटक आफ्नो शक्ति प्रदर्शन गऱ्यो । त्यसैले राजतन्त्रलगायतका पुराना संस्था र मूल्यहरू धराशयी भए र नयाँ संस्था र मूल्यप्रणाली स्थापनाका लागि संविधानसभा भित्र र बाहिर समाजका विभिन्न स्वार्थहरूबीच टक्कर भइरहेको छ ।

हरेक देशका आफ्ना ऐतिहासिक, भौगोलिक तथा सांस्कृतिक पहिचान र विशेषता हुन्छन् । विश्वयीकरणको वर्तमान प्रक्रियामा समरूपीय मानव समाजको निर्माणमा जतिसुकै प्रयत्न भएका भए पनि पहिचान, विकासको स्तर, राष्ट्रिय स्वार्थहरूका कारण विश्व विभाजित नै छ । बहुराष्ट्रिय निगमका हितमा सञ्चालित नव-साम्राज्यवादी विश्वयीकरणको पन्छाउनै कठिन हावाले विश्वमा द्वन्द्व, विखण्डन, क्षेत्रीय तथा जातीय युद्धहरू जन्माइरहेको छ । तेस्रो विश्व र विकसित राष्ट्रहरूबीच अन्तर्विरोधहरू बढ्दा छन् । यही विषमताबीच नेपालले आफ्ना विशिष्टतामा आधारित राष्ट्र-राज्यको निर्माण गर्ने तथा आफ्नै विशेषता सुहाउँदो लोकतन्त्र, सामाजिक न्यायसहितको आर्थिक प्रगतिको बाटो पहिल्याउनु पर्ने चुनौती र अवसर आएको छ । यसक्रममा निश्चय नै वर्गीय तथा विचारधारात्मक सङ्घर्षहरू हुनेछन् । तर पुरानालाई निषेध गर्ने र प्रगतिशील चरित्रको आर्थिक रूपान्तरणतिर देशलाई लाने कुरामा आम सहमति र सहकार्य गर्न सकियो भने नेपालले चाहेको परिवर्तन प्राप्त गर्न सक्नेछ ।

**धन्यवाद**

यस लेखलाई परिमार्जन गर्न महत्त्वपूर्ण सुझाव दिनुभएकोमा डा. देवेन्द्र राज पाण्डे, अनुभव अजीत र भास्कर गौतमलाई धन्यवाद दिन चाहन्छु ।

**सन्दर्भ सामग्री**

पाण्डे, डा. देवेन्द्रराज । सन् २००८ । सम्पादकीय । *नागरिक आन्दोलन र गणतान्त्रिक चेतना*मा । काठमाडौँ : फाइन प्रिन्ट आइएनसी ।

भट्टराई, डा. बाबुराम । २०६३ । *राजनीतिक अर्थशास्त्रको आँखिभ्यालबाट* । काठमाडौँ : जनध्वनि प्रकाशन ।

राष्ट्रिय योजना आयोग । २०६४ । *तीनवर्षीय अन्तरिम योजना २०६४* । काठमाडौँ : राष्ट्रिय योजना आयोगको सचिवालय ।

Dreze, Jean and Amartya Sen. 2005. *India: Development and Participation*. Delhi: Oxford University Press.

Gramsci, Anotnio. 1996. *Selections from the Prison Notebooks of Anotnio Gramsci*. Edited and translated by Quintin Hoare and Geoffrey Nowell Smith. Madras: Orient Longman Limited.

Luxemburg, Rosa. n.d. Fundamental Significance of Russian Revolution. Available at http://www.marxists.org/archive/luxemburg/1918/russian-revolution/ch01.htm (accessed on 10 September 2008).

Mishra, Chaitanya. 2007. *Essays on the Sociology of Nepal*. Kathmandu: Fine Print.

MoF. 2007. *Economic Survey, Fiscal Year 2006/07*. Kathmandu: Government of Nepal, Ministry of Finance.

Panday, Dr. Devendra Raj. 2000. *Nepal's Failed Development: Reflections on the Mission and the Maladies*. Kathmandu: NESAC.

Pradhan, Bhuvan Lal and Leo Rose. 2004. *Democratic Innovations in Nepal: A Case Study of Political Acculturation*. Kathmandu: Mandala Publications.

Regmi, Mahesh Chandra. 1978. Preface to First Edition. In *Thatched Huts and Stucco Palaces*. Delhi: Adroit Publishers.

Sharma, Pitambar. 2008. *Unraveling the Mosaic: Spatial Aspects of Ethnicity in Nepal*. Lalitpur: Social Science Baha and Himal Books.

UNDP. 2008. *Human Development Report 2007/08*. Kathmandu: UNDP.

UNDP. 2004. *Human Development Report 2004*. Kathmandu: UNDP.